# भूमि अधिकार आन्दोलन रणनीति योजना

वि.सं. २०६६-२०७०

सामुदायिक आत्मनिर्भर सेवा केन्द्र

***भूमि अधिकार आन्दोलन रणनीतिक योजना***

**सर्वाधिकार** : प्रकाशकमा सुरक्षित

**प्रकाशन मिति** : भदौ २०६६

**प्रकाशित प्रति** : १००० प्रति

**प्रकाशक**

**सामुदायिक आत्मनिर्भर सेवा केन्द्र**

फोन: ०१-४-३६०४८६
E-mail: landrights@csrcnepal.org

**डिजाईन** :

ISBN : 978-99933-810-6-8

# मन्तव्य

सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको यो नयाँ रणनीतिक योजना (वि.सं.२०६६-०७०) प्रस्तुत गर्न पाउँदा हामीलाई खुसी लागेको छ । यो रणनीतिक योजना भूमिअधिकार आन्दोलन प्रभावकारी बनाउन र यस आन्दोलनमा जुटिरहेका सङ्गठन, संस्था र अभियानकर्मी सबैलाई सहयोगी हुने विश्वास लिएका छौं । कुनै सानो गाउँबाट क्रमशः बढेको यो आन्दोलनको शुरुमै बृहत् लक्ष्य र बाटा किटान थिएनन् । गर्दै जाँदा अनुभव र सिकाईका आधारमा आन्दोलनले गन्तव्य ठम्यायो । अभियान गर्दाका सिकाई, विभिन्न तहमा गरिएका लक्षित समूह छलफल, बैठक तथा सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको २०६५ भदौमा सम्पन्न साधारणसभाबाट प्राप्त मार्ग निर्देशनलाई यस रणनीतिक योजनामा समावेश गरिएको छ । यो योजना तयार पार्न राष्ट्रिय भूमिअधिकार मञ्च नेपाल, विभिन्न अनुसन्धानकर्ता र सहयात्री संस्थाको योगदान महत्वपूर्ण छ ।

भूमिअधिकार आन्दोलन भोकको अन्त्य, अधिकारबाट वञ्चित व्यक्ति र परिवारको समग्र सवलीकरण, सहभागिता, स्वतन्त्रता, पहिचान र सुरक्षालाई सुनिश्चित गर्ने आधार हो । यसले उत्पादनको साधनमा पहुँच र नियन्त्रण कायम गर्नुका साथै नयाँ विचार, संस्कार, मूल्य, मान्यता र शक्ति निर्माणको विषयलाई दिगो र संस्थागत बनाउँछ । नेपाली समाजको रुपान्तरण वर्तमान अन्यायपूर्ण भू-सम्बन्ध नबदली सम्भव छैन । उत्पादन कर्ममा लागेका लाखौं परिवार जमिनको स्वामित्व र त्यसको उत्पादन उपभोगबाट वञ्चित छन् । यी जनताको अरु अधिकार सुनिश्चित गर्न भूमिमा स्वामित्व र त्यसको पूरा उपभोगको हक हुनै पर्दछ । यो कृषि कर्ममा लागेका तर भोका अनि आधारभूत मानवीय आवश्यकताबाट वञ्चित परिवारको मुक्तिको आधार हो । यसले नै नेपाली समाजलाई आत्मनिर्भर, न्यायिक र हिंसारहित बनाउँछ । लोकतन्त्रलाई हरेक तहको संस्थागत गराउँछ ।

देशमा नयाँ संविधान निर्माणको थालनी भएको छ । यसले देशको समग्र रुपान्तरण र पुनर्संरचनालाई संस्थागत गर्ने विश्वास गरिएको छ । यस सन्दर्भमा लोकतन्त्र संस्थागत गर्न र शान्ति प्रक्रियालाई दिगो बनाउनका लागि अन्य कुराका अतिरिक्त आर्थिक संरचनामा पनि रुपान्तरण हुनु जरुरी छ । भूमि व्यवस्थापन र उत्पादन सम्बन्ध आर्थिक संरचनाको मेरुदण्ड भएकाले यसको पुनर्संरचनालाई पनि नयाँ संविधानले सुनिश्चित गर्नै पर्दछ । यही महत्वपूर्ण घडीमा हाम्रो रणनीतिक योजना तयार भई लागू भएको छ ।

हाम्रो लक्ष्य, उद्दश्य, क्रियाकलाप, योजना र संलग्नकर्ताबारे स्पष्टता र पारदर्शी बनाउन यो प्रकाशन आवश्यक ठानिएको हो। यसले अधिकारग्रही समूहसँगको हाम्रो जिम्मेवारी र दायित्व पनि बढाउनेछ।

म अन्त्यमा यो रणनीतिपत्र तयार पार्न जुट्ने र यसको कार्ययोजनाअनुरुप सहयोग गर्ने सबैलाई धन्यवाद दिन चाहन्छु। भोक, अन्याय र शोषण भोगिरहेकाको स्वतन्त्रता र आधारभूत अधिकार सुनिश्चित गर्न हामीले गर्न सक्ने दायित्व हामी भुल्ने छैनौं।

- डा. रोशन चित्रकार

अध्यक्ष

# विषयवस्तु


**(क) परिचय :**

१. सामुदायिक आत्मनिर्भर सेवा केन्द्र र भूमि अधिकार आन्दोलन ..... १
 १.१ भूमिअधिकार आन्दोलनका उपलब्धी ..... २
२. समसामयिक परिवेश ..... ६
३. सरोकारवाला विश्लेषण ..... ८
 ३.१ सा.आ.से.के र राष्ट्रिय भूमि अधिकार मञ्च ..... ८
 ३.२ अन्य सरोकार वाला ..... ९
४. आलोचनात्मक सवालर चुनौती ..... १०
 ४.१ सवाल र चुनौली ..... ११
 ४.२ रणनीति सामना गर्ने रणनीति ..... १३

**(ख) रणनीतिक ढांचा :**

१. परिकल्पना ..... १४
२. ध्येय ..... १४
३. मूल्य र मान्यता ..... १४
४. लक्ष्य ..... १५
५. रणनीति उद्देश्य ..... १५

**(ग) कार्यान्वयन योजना :**

१. अपेक्षित नतिजा, सूचक र क्रियाकलाप ..... १८
२. चुनौती, अनुगमन र काम गर्ने उपाय ..... २०
 २.१ अनुगमन ..... २१
 २.२ चुनौती ..... २१
 २.३ योजना र रणनीति ..... २२
३. दिगोपना र प्रस्थान गर्ने योजना ..... २२
४. मूल्यांकन र निर्धारण प्रक्रिया ..... २३
५. मानविय र आर्थिक स्रोत योजना ..... २४
 ५.१ आर्थिक स्रोत व्यवस्थापन ..... २४

**(घ) संस्थागत विकास योजना :**

१. संस्थागत विकास ..... २५
२. क्षमता अभिबृद्धि ..... २६

**(ङ) अनुसूचीहरु :** ..... २७-४१

## क. परिचय :

### १.सामुदायिक आत्मनिर्भर सेवा केन्द्र र भूमिअधिकार आन्दोलन

सामुदायिक आत्मनिर्भर सेवा केन्द्र (सा.आ.से.के.) भूमिहीन तथा गरीब किसानलाई सङ्गठित र सशक्तिकृत गर्दै भूमिअधिकार प्राप्तिको आन्दोलनमा वि.सं.२०५१ सालबाट बाट सहजीकरण गर्दै आइरहेको छ । आत्मनिर्भर केन्द्रले २०५१ साल देखी सिन्धुपाल्चोकको किउल र हेलम्बू गाविसबाट काम थालनी गरेको थियो । यसबीच आत्मनिर्भर सेवा केन्द्रले भूमिअधिकारको पक्षमा काम गर्ने राष्ट्रिय अगुवा संस्थाको रुपमा पहिचान बनाएको छ। मोहीयानी हकको आन्दोलनबाट सुरु भएको अभियान जनमुखी भूमिसुधार र व्यवस्थापनबारेको सशक्त राष्ट्रिय आन्दोलन बनेको छ । यहाँसम्म आइपुग्दा भूगोलमात्र फैलिएको छैन, भूमिअधिकारका मुद्दा, बुझाई, दृष्ट्रिकोण, आन्दोलनमा सङ्घर्षरत् र सहयोगी समुदाय, मूल्य-मान्यता आदि पक्ष पनि उघारिँदैं र फैलँदै छन् ।

२०६१ सालदेखी आत्मनिर्भर सेवा केन्द्रको समन्वय र सहजीकरणमा विभिन्न गैरसरकारी एवं सामुदायिक संस्थाले भूमिअधिकार आन्दोलनलाई देशव्यापी बनाउन सहयोग पुऱ्याइरहेका छन् । आन्दोलनको नेतृत्व भूमिहीन तथा गरीब किसानको सङ्गठन राष्ट्रिय भूमिअधिकार मञ्च लगायत संघर्षरत सबै सामुदायिक संस्थाहरुले गरिरहेका छन् । मञ्चको राष्ट्रिय समितिले राष्ट्रिय तहको, जिल्ला सङ्गठनले जिल्ला तहको र स्थानीय सङ्गठनले समुदाय तहको अभियान गर्दै आइरहेका छन् । र, यी एकापसमा जोडेर लगिएका छन् ।

यो पाँच वर्षे रणनीतिक योजनामा भूमिहीन तथा गरीब किसानको सङ्गठनलाई सुदृढ र विस्तार गर्ने (राष्ट्रिय भूमिअधिकार मञ्च र त्यसका स्थानीय इकाइहरु), परिवेशअनुसारका विभिन्न अभियानको योजना र कार्यान्वयन गर्न सक्षम बनाउने विषयमा जोड दिइएको छ। विभिन्न स्रोत संस्थाले राष्ट्रिय भूमि अधिकार मञ्चका काम र भूमिअधिकार आन्दोलनमा प्राविधिक र व्यावसायिक सरसल्लाह दिनेछन् । यस प्रक्रियामा सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले सम्पूर्ण अभियानको सहजीकरण तथा संयोजन गर्नेछ। विभिन्न सहयोगी संस्थाबाट प्राप्त आर्थिक र अन्य स्रोतको व्यवस्थापन र परिचालन गर्नेछ ।

सामुदायिक आत्मनिर्भर सेवा केन्द्र जिल्ला प्रशासन कार्यालय सिन्धुपाल्चोकमा दर्ता गरिएको गैरसरकारी सामाजिक संस्था हो। यसको आवद्धता समाज कल्याण परिषद्मा पनि छ । ग्रामीण समाजमा विद्यमान सामन्ती र शोषणमुखी संरचनामा फेरबदल



ल्याउनका लागि गरीब तथा पिछडिएका विशेषगरी भूमिहीन र मोहीलाई सङ्गठित गरी उपयुक्त कदम उठाउने उद्देश्यका साथ २०४९ साल चैतमा सामुदायिक आत्मनिर्भर सेवा केन्दको स्थापना भएको हो। स्थानीय विद्यालयका शिक्षकहरु द्वारा यसको पहलकदमी भएको थियो ।

हाल सामुदायिक आत्मनिर्भर सेवा केन्द्र सदस्यमा आधारित संस्थाका रुपमा विकसित हुँदै आइरहेको छ। संस्थाका साधारण सदस्यमा स्थानीय तहका सामाजिक अभियानकर्तादेखि विज्ञ हुँदै मानव अधिकारकर्मीसम्म छन्। जसमध्ये महिला ४०%, जनजाति २०% र १५% दलित छन् । कार्यकारी समितिको चयन हरेक ३ वर्षमा साधारणसभाबाट गरिन्छ। यसको मूल दायित्व साधारणसभाले अवलम्बन र निर्देश गरेका नीतिगत निर्णय कार्यान्वयन गर्नु हो । कार्यसमितिको समावेशिता पनि साधारण सदस्यको तहमा रहेको प्रतिशतमा नै आधारित छ ।

भूमिअधिकार अभियान "गर्दै सिक्ने" प्रक्रियाबाट क्रमश: विकसित हुँदैछ। प्रभावकारी गति हासिल गरेकाले यो अभियान देशव्यापीरुपमा फैलँदो छ र यसै क्रममा मौलिक अनुभव पनि बटुल्दैछ। भूमिमाथिको स्वामित्व, गरीबहरुको भूमिमाथिको पहुँचलगायत् भूमिसँग सम्बन्धित अन्य समस्या र यिनलाई सम्बोधन गर्न आवश्यक अभियान सञ्चालन जस्ता जटिल बुझाईबाट पनि यो अभियान परिपक्व हुँदै गइरहेको छ ।

### १.१ भूमिअधिकार आन्दोलनका उपलब्धि

भूमिअधिकार आन्दोलनबाट १५ वर्ष (२०५१ देखी २०६५ सम्म) को अवधिमा विभिन्न उपलब्धि हासिल भएका छन्। यद्यपि यो अवधिमा देशले ठूलो सामाजिक र राजनीतिक अस्थिरता बेहोर्नुपऱ्यो । यस सफलताको हकदार प्रत्यक्ष, अपत्यक्ष सम्बन्धित सबै सरोकारवाला निकायमा जान्छ । यसका प्रमुख उपलब्धि निम्न छन् :

**क. अन्तरिम संविधानमा भूमिसुधार विषय समावेश गरिनु :**

अत्मनिर्भर केन्द्को निरन्तर र सघन वकालतका कारण विस्तृत शान्ति सम्झौतादेखि नेपालको अन्तरिम संविधान २०६३ सम्म भूमिसुधारको मुद्दा प्रमुख एजेण्डाका रुपमा समावेश छ। नेपालको अन्तरिम संविधानमा "वैज्ञानिक भूमिसुधारका नीति र प्रक्रियालाई सम्बोधन गर्न सामन्ती भूस्वामित्वको क्रमश: अन्त गर्ने" (भाग ४, धारा ३३ च) भन्ने उल्लेख छ। सामुदायिक आत्मनिर्भर सेवा केन्द्र र यसका सहयात्री संस्था/संगठनहरुले धेरै अघिदेखि यी मागहरु माथि वकालत गर्दै आएका थिए ।

**ख. अन्तरिम योजना (सन् २००७–२०१०) मा भूमिसुधार :**

भूमिसुधारका प्रक्रियालाई राष्ट्रिय तहमा स्थापित गर्न र भूमिअधिकारबाट वञ्चितहरुको विकासका लागि राष्ट्रिय भूमिसुधार नीति बनाउन सामुदायिक आत्मनिर्भर सेवा केन्द्र, राष्ट्रिय भूमि अधिकार मञ्च तथा सहयात्री संस्थाले राष्ट्रिय योजना आयोग, भूमिसुधार तथा व्यवस्था मन्त्रालय, सरोकारवाला निकाय, राजनैतिक दलका प्रतिनिधि, सरकारी प्रतिनिधि र नागरिक समाज लगतय सम्बन्धित मूलतः सांसदहरुसँग विभिन्न नीतिगत छलफल र बहसको कार्यक्रम गर्दै आएको थियो ।

यी बहस र छलफलको प्रभावले अन्तरिम योजनामा दीर्घकालीन उद्देश्यका रुपमा भूमिसुधार पनि परेका छन् । जसमा "किसानहरुको जीविकोपार्जनको विकास र राष्ट्रिय आर्थिक उन्नतिका लागि न्यायिक भू-स्वामित्व र वैज्ञानिक भूमि व्यवस्थालाई वैज्ञानिक भूमिसुधारका प्रक्रियाबाट लागू गरिनेछ" भनिएको छ। योजनाले यो उद्देश्यलाई अझ निश्चित पार्न - "भूमिहीन, सुकुम्बासी, मुक्त कमैया र मोहीहरुको खाद्य सुरक्षा, गरिबी निवारण र जमिनको उर्वरता बढाउन भूमि अधिकारको सुनिश्चितता गरिनेछ ।" भनि उल्लेख छ । साथै भूमिहीन, मोही र सुकुम्बासीलाई जमिन प्रदान गर्न सरकारले उचित कानून र संस्थागत संयन्त्र विकास गर्नुपर्नेमा पनि जोड दिएको छ । तीन वर्षे योजनाको एक रणनीति उच्चस्तरीय भूमिसुधार आयोग गठन गरी भूमिहीन, सुकुम्बासी, मोही तथा अन्य भूमि समस्याको समाधान गर्नु हो । भूमिअधिकार आन्दोलनले यो आयोग गठनका लागि गरेको अभियान पछि उच्चस्तरीय भूमिसुधार आयोग गठन भएको ।

### ग. भूमिसुधारलाई मानव अधिकार र दिगो शान्ति स्थापनाको आधार का रुपमा स्वीकार्ने :

विगतमा राष्ट्रिय र अन्तर्राष्ट्रिय विकासका नीति र प्रक्रियालाई विशेषगरी उत्पादन वृद्धि गर्ने र जनतासमक्ष सुविधा पुर्‍याउने तहमा मात्र ध्यान दिइन्थ्यो । आम जनता अधिकारबाट वञ्चित हुनुपर्ने स्थिति र उनीहरुले यसप्रति गर्ने विरोधका कारणलाई मध्यनजर गरिँदैनथ्यो। यसका लागि विशेषगरी भूमिसुधारका स्रोत र विषय सरकारको प्राथमिकतामा पर्दैनथ्यो । विकासको यो प्रक्रिया र प्रवृत्तिमा रुपान्तरण ल्याउनका निमित्त सामुदायिक आत्मनिर्भर सेवा केन्द्र, यसका सहयात्री संस्था र अन्य अभियानकर्मी मि ली निर्णय लिने प्रक्रियामा जनताको सहभागिता बढाउन धेरै प्रयत्न भएका छन् । सबैले द्वन्द्वको प्रमुख कारणका रुपमा गरिबी र असमानतालाई अघि सारी यो आधारभूत मानव अधिकार नै हनन् भएकोमा पनि जोड दिएका छन् । गरिबी र असमानता अन्त्यका लागि भूमिसुधारलाई आधार मान्नुपर्ने माग अघि सारेका छन्। मानव



अधिकारलाई प्रोत्साहन दिने एक आधारभूत तत्वका रुपमा भू-स्वामित्व स्थापना हुन थालेको छ र यसमा पनि विषेशबस्गिरी जीवन र प्रतिष्ठाको अधिकार तथा नेपालमा दिगो शान्ति स्थापना गर्ने प्रमुख तत्वका रुपमा यसले स्थान पाउँदै गएको छ ।

### घ. मोही र भूमिहीनहरुको परिचालन :

अधिकारबाट वञ्चितहरु बस्ती, टोल र गाउँस्तरमा सङ्गठित भएका छन्। स्थानीय तहमा यी सङ्गठनको स्थिति बलियो छ । जहाँ महिला र पुरुष दुवै समानुपातिक हिसावले समेटिएका छन्। यस्ता आधार सङ्गठनमा आफ्नो परिवेशको विश्लेषण, अधिकार प्राप्तिको योजना निर्माण र कार्यान्वयन, आफूले देख्न चाहेको परिवर्तनको खाकाबारे चिन्तन हुने गर्दछ । यो प्रयासले जगबाट सामाजिक रुपान्तरणको थालनीको शुरुवात गरेको छ ।

भूमि अधिकारको आन्दोलन नेपालका ४२ जिल्लामा विस्तार भएको छ । यी जिल्लामा ९९६ भूमिअधिकार अभियानकर्मी छन्। जसमध्ये ३६४ (३७%) महिला र ३९१ (३९%) दलित) छन् । त्यसैगरी १४५५ अगुवा कार्यकर्तामध्ये ५३६ (३७%) महिला र ६३४ (४४%) दलित) क्रियाशील छन्। अधिकारबाट वञ्चित समुदायबाटै विकास भएका अभियानकर्ता र अगुवा कार्यकर्ताले भूमिसम्बन्धी विभिन्न तहमा रहेका सवालमा काम गर्ने र त्यहाँको भूमिसम्बन्धी जल्लोबल्दो मुद्दालाई अभियानका रुपमा उठाउन सहजीकरण गरिरहेका छन् ।

वि.सं. २०६५ सालसम्म भूमिअधिकार आन्दोलन १,६२०,१३४ भूमिहीन र गरीबसम्म पुग्न सफल भएको छ । उनीहरुलाई सङ्गठित गरी आफ्नो हकअधिकार र कर्तव्यप्रति सचेत पारी अधिकार प्राप्त गर्ने शान्तिपूर्ण बाटो अवलम्बन गर्ने र यसलाई मौलिक आन्दोलनका रुपमा विकास गर्ने कार्य भएको छ । यसले गर्दा स्थानीय तहदेखि नै भूमिहीन र गरीबहरु सङ्गठित हुने क्रम बढ्दो छ। उनीहरुमा गरिबीबाट मुक्ति हुन स्वतन्त्र जीवन बिताउन सक्ने नयाँ जोश, आशा र आकाङ्क्षा जाग्न थालेको छ ।

### ङ. जोताहाको नाममा जग्गा हस्तान्तरण :

भूमिअधिकारको अभियानले जग्गाको स्वामित्व त्यसका वास्तविक जोताहामा हस्तान्तरण गर्ने प्रक्रियालाई सहजीकरण गर्छ । यसै क्रममा २०५१ सालदेखि २०६४ पुस १५ सम्म (डिसेम्बर २००७) १६,३७१ परिवारको ३०३४ हेक्टर (४५५१ विगाहा) भूमिमा स्वामित्व स्थापित भएको छ। यसरी स्वामित्व स्थापित हुनेमा २५

प्रतिशत दलित र ६ प्रतिशत महिला छन्। यसले ती परिवारको जीविका सुरक्षा र विकासमा सहभागिता बढेको छ। यसबाट उत्पादन वृद्धि भई खाद्य सुरक्षा बढेको छ भने स्वास्थ्य र शिक्षमा पहुँच पुगेको छ।

**च. अहिंसात्मक र प्रजातान्त्रिक अभ्यासको प्रोत्साहन :**

भूमिअधिकार आन्दोलन एउटा अहिंसात्मक र मौलिक सामाजिक अन्दोलनको रुपमा छवि बनाउँदै अगाडि बढेको छ। स्वयम् अधिकारबाट वञ्चितको व्यापक सहभागिता, विकल्पसहितको एजेण्डा, जनमुखी विचार, मूल्य-मान्यता र प्रवृत्तिमा पनि सचेत (जस्तो- जमिनदारको पनि मानवीयकरण) जमिनदारलाई विचारले मुक्त नगराई गरीबहरु स्वतन्त्र हुन सक्दैनन् भन्ने कुरा पनि साथै लगिएको छ।

**छ. आन्दोलन कोष स्थापना :**

स्थानीय आन्दोलन परिचालनका लागि प्रत्येक समुदाय (गाउँ भूमिअधिकार मञ्च) ले आन्दोलन कोष स्थापना गरेको छ। यसले अभियानलाई दिगो बनाई आत्मनिर्भर बनाउँछ। साथै स्थानीय स्रोत परिचालनका विभिन्न प्रक्रियालाई पनि सघनरुपले आत्मसात गरी अगाडि बढिएको छ।

**ज. सम्बन्ध विस्तार गर्ने क्रम बढ्दो छ :**

भूमिअधिकार अन्दोलनको राष्ट्रिय तथा अन्तर्राष्ट्रिस्तरमा सम्बन्ध विस्तार हुँदै आएको छ। अरु सामाजिक आन्दोलनहरुसँग पनि यो आन्दोलन जोडिएको छ। मूलत, वन, महिला र जनमुखी शिक्षाको आन्दोलनबीच सहकार्य भइरहेको छ।

## १.२ आन्दोलनका सिकाइ :

भूमिअधिकार अभियानको सफलता साथै यसले समुदाय, सामुदायिक आत्मनिर्भर सेवा केन्द्र, सहयात्री संस्थाहरु तथा अन्य सरोकारवालालाई महत्वपूर्ण सिकाइको अनुभव बटुल्ने कार्यमा सहयोग पुर्‍याउँदै आइरहेको छ। आउँदा दिनमा अभियान अझ बलियो बनाई अघि बढाउन यी सिकाइ महत्वपूर्ण हुनेछन्। प्रमुख सिकाइका रुपमा तलका बुँदा उल्येख छ :

- सामाजिक न्यायको बाटो सजिलो छैन : गरिब समुदायको सामाजिक न्याय स्थापनाका निमित्त पक्कै पनि सजिलो छैन। वैकल्पिक दृष्टिकोणहरुले अभियान नहेरिने हो भने भूमिअधिकार अभियान बीच बाटोमा रोक्न सकिने सम्भावना नकार्न सकिन्न। अभियानका थुप्रै उपलब्धि पक्कै छन् तर निश्चित लक्ष्यसम्म पुग्ने बाटो अझै लामो छ।
- दिगो राजनीतिक प्रतिबद्धता पनि उत्तिकै महत्वपूर्ण छ : भूमि अधिकार अभियान सफल हुन एक दृढ र दिगो राजनीतिक प्रतिबद्धता आवश्यक पर्छ। गरीब र पिछडिएकाको पक्षमा जनमत सृजना गर्न र देशका नीति नियममा सकारात्मक प्रभाव पार्न धेरै वकालत गर्नुपर्छ।
- नवउदारवादी आर्थिक नीतिहरु गरीबहरुको अभियानमा बाधकका रुपमा देखा परेको छ : बढ्दो उदारवाद र यसका मौलिक संगठीत, व्यवस्थित एवं वैकल्पिक सोचाईहरु सहित आन्दोलनलाई अगाडी नसके आर्थिक नीतिहरु गरीबहरुको सम्मान, अधिकार र सामाजिक न्यायका लागि लड्दै आइरहेको आन्दोलनका ठूलो अड्चनका रुपमा देखा पर्न थालेको छ। उदारवादी नीतिहरु मानव अधिकारसँग सम्बन्धित छैनन्। यी व्यापारमुखी छन्। जसले गरीब जनताको कहिल्यै हित गर्दैन। तसर्थ गरीबमुखी अभियानहरु (जस्तै- भूमि अधिकार अभियान) यस्तो उदारवाद नीतिहरुको सामना गर्न जहिले पनि तयार रहनुपर्छ।
- गरीब भूमिहीनमा चेतना फैलाउन जन परिचालन र जनमुखी शिक्षा प्रक्रिया प्रभावकारी साधन हुन् : गरीब जनतामा उनीहरुको अधिकार बारे बोध गराउन र त्यसैअनुरुप परिचालन गर्न जनमुखी शिक्षा अभ्यासहरु निकै महत्वपूर्ण र प्रभावकारी छन्। वर्तमान कार्यप्रणालीकै कारण हामी धेरै हदसम्म ग्रामीण तहसम्म पुग्न सकेका छौं। स्थानीय तहमा जनपरिचालनका लागि धेरै पक्षको सामर्थ्य जुटिरहेको छ।



## २. समसामयिक परिवेश :

नेपालमा जमिनलाई उत्पादनको साधन, शक्तिको स्रोत, मान, मर्यादा तथा सामाजिक स्थितिको एक अभिन्न अङ्गका रुपमा हेरिने गरिएको छ। ग्रामीण परिवारमा यसलाई जीविकोपार्जनको एक प्रमुख स्रोतका रुपमा लिईन्छ।। वि.सं. २०५८ को तथ्याङ्कअनुसार ६६% जनता कृषिमा आधारित छन्। नेपालका ९०% गरीब जनताको प्रमुख जीविकोपार्जनको स्रोतका रुपमा कृषिलाई हेरिन्छ। यद्यपि वि.सं. २०५८ को जनगणनाअनुसार ४२ लाख परिवारमा २५% जनतासँग छाप्रो उभ्याउने जमिनसमेत छैन। अन्य केहीसँग जमिन भए तापनि त्यसबाट जीविका धान्न पर्याप्त छैन। यु.एन.डि.पि. (२००४) का अनुसार नेपालका धनी वर्ग जमिनमा श्रम गर्दैन तर उनीहरुसँग नै ३७% खेतीयोग्य जमिन छ भने ४७% जोताहा किसानसँग केवल १५% जमिन छ।

गरीब जनता उत्पादनका स्रोतबाट विशेषगरी भूमि अधिकारबाट वञ्चित भएका कारणले नै गरिबीको रेखा मुनीको जनसंख्या झन्झनै बढ्दो छ। यसले गर्दा उनीहरु नागरिक अधिकारबाट पनि वञ्चित हुन पुगेका छन्। यसले

असमानताको अर्को विभेदका रुपमा जातीय विभेद पनि पाइन्छ । जसअनुरुप जमिनमा दलित जनजातिको स्वामित्व लगभग न्युन नै रहेको पाइन्छ। थोरै भएको जमिनको स्वामित्वमा पनि बाँफो जग्गा बढी पर्ने गरेको देखिन्छ। लगभग ४४% तराईका दलित भूमिहीन छन् भने बाँकीसँग केवल स-साना टुक्रे जमिनमात्र छन् । पहाडी दलितहरु परम्परागत खेतिपातीका लागि जमिन राख्दैनन् र अधिकांशले यस्तै टुक्रे जमिनमा स-साना घर बनाएका छन् ।

भूमिमा देखिने यस्तो अन्यायपूर्ण असमानताको प्रमुख कारण भन्नु नै जमिन जोताहा र वास्तविक जमिनमा श्रम गर्नेहरुको हातमा नहुनु हो । यस्ता मोही र जोताहा किसान मोही हकको सुनिश्चितताविना नै जग्गा जोतिरहेका हुन्छन्, जमिन जोतेर पेट पाल्ने यी जोताहा किसानको जीविकोपार्जनको सुरक्षा यस्तै जमिनदारको हातमा हुन्छ र यसमा पनि अधिकांश जमिनदार अनुपस्थित हुन्छन्। मोहियानी हक नभएका र लालपूर्जा नभएका गरीब अन्य पेशामा लाग्नदेखि ऋण लिन र नागरिकताबाटै वञ्चित हुनुपर्ने स्थिति पनि छ। अधिकांश भूमिहीनले आफ्नो छाप्रो जमिनदारको जग्गामा खडा गरेका छन्। यसले गर्दा उनीहरु जमिनदारको सामन्ती शोषण खपेर बस्न बाध्य हुन्छन्। यतिमात्र नभई जमिनदारले इच्छाएका व्यक्तिलाई नै भोट दिनुपर्ने बाध्यताले गर्दा उनीहरुको स्वतन्त्रताको हक पनि हनन् हुने गरेको छ ।

संविधानसभाको चुनावपश्चात् गठबन्धन सरकार गठन भएको छ। जसको प्रमुख जिम्मेवारी भनेको नयाँ नेपालका लागि नयाँ संविधान लेख्नु हो । भूमिअधिकार आन्दोलन र गरीब भूमिहीनका पक्षमा संविधान लेख्न पाउने एक ऐतिहासिक मौकाका रुपमा यसलाई लिन सकिन्छ । त्यसैगरी यो भूमिहीनताको समस्यालाई जरैदेखि समाधान गर्न महत्वपूर्ण नीतिगत कामहरु गर्ने पनि अर्को एक सुवर्ण अवसरका रुपमा पनि देखा परको छ ।

भूमिअधिकार अभियानले बजारमुखी भूमिसुधारका योजनालाई निकै होसियारीसाथ लैजानुपर्छ। न्याय, उत्पादकत्व र बजारमुखी भूमिसुधार राम्रो र बराबरी भएमा मात्र भूमिसुधार र भूमिअधिकार अभियान सफल हुन सक्छ ।

## ३. सरोकारवाला विश्लेषण :

### ३.१ सामुदायिक आत्मनिर्भर सेवा केन्द्र र राष्ट्रिय भूमिअधिकार मञ्च

भूमिअधिकार अभियानमा विभिन्न सरोकारवाला छन् र सबैको आ-आफ्नै महत्वपूर्ण भूमिका पनि छ। अभियानमा सामुदायिक आत्मनिर्भर सेवा केन्द्र, यसका सहयात्री संस्थाहरु र राष्ट्रिय भूमिअधिकार मञ्च प्रमुख पक्ष हुन्, सामुदायिक आत्मनिर्भर सेवा केन्द्र सम्पूर्ण अभियानको सहजकर्ता हो भने अभियानको अगुवा राष्ट्रिय भूमि अधिकार मञ्च ले गरिरहेको छ । यि सवै पक्ष एकापसमा निकट रहेर स्पष्ट जिम्मेवारी बाँडेर काम गर्छन् । जसलाई विस्तृतरुपमा तल देखाइएको छ :



डायग्राम

**राष्ट्रिय भूमिअधिकार मञ्चको भूमिका**

- परिवेश विश्लेषण, नियमित समीक्षा, छलफल आदिका माध्यमबाट ज्ञान निर्माण गर्ने ।
- गरीब भूमिहीन र असङ्गठितलाई सङ्गठित र सशक्त बनाई परिचालन गर्ने ।
- राष्ट्रिय भूमि अधिकार मञ्चलाई राष्ट्रिय र जिल्लास्तरमा भूमिअधिकार अभियानको अगुवाका रुपमा स्थापित गर्दै जाने ।
- विभिन्न तहका अभियानको योजना निर्माण र कार्यान्वयन गर्ने ।
- स्थानीय स्रोतको खोजी, निकाय र परिचालन गर्ने ।
- राजनीतिक दल, नीति निर्माता र जग्गाधनीसंग समन्वय र अन्तरक्रिर्या ।
- भूमि व्यवस्थापन र उपयोग मार्फत जिविकाको अवशरहरु बढाउने काम गर्ने ।

**सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको भूमिका :**

- नेपालको भूमिअधिकार अभियानका लागि राष्ट्रिय स्रोत संस्थाका रुपमा काम गर्ने ।
- आर्थिक स्रोत पहिचान, आवश्यक स्रोतको खोजी र सही प्रयोगमा सहयोग गर्ने ।
- भूमिसुधारका वैकल्पिक खाका तयार गर्न सहयोग गर्ने ।
- भूमिअधिकार अभियानलाई अझ सहज बनाउन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सञ्जाल तथा समन्वय विकास गर्ने ।
- अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, द्विपक्षीय दातृ निकाय र गरिबी निवारणका लागि काम गरिरहेका सामाजिक संस्थालाई यथार्थपरक भूमि तथा कृषिसुधारका लागि काम गर्न वकालत र लविङ्ग गर्ने ।
- भूमिअधिकार आन्दोलनलाई मानवअधिकार आन्दोलनको एक महत्वपूर्ण पाटाको रुपमा जोडेर लगिनेछ। मानवअधिकार अनुगमन, सत्यतथ्य अध्ययन, नीति तथा कानुनको समीक्षा, अनुगमन प्रतिवेदनहरुको अभिलेखन तथा प्रशारण, मानवअधिकारसम्बन्धी विभिन्न सन्धि, अभिसन्धि र घोषणापत्रहरुको कार्यान्वयन आदिका अभियानमा काम गर्ने ।
- राज्यलाई आवश्यक परेअनुसार नीतिहरु निर्माण र परिचालन गर्न सहयोग पुऱ्याउने ।

## ३.१ अन्य सरोकारवाला

**सहयात्री संस्थाहरुको भूमिका :**

- गरीब भूमिहीनहरुको क्षमता विकास र नैतिक शक्ति वृद्धि गर्न सहयोग पुऱ्याउने ।
- जनसङ्गठनको क्षमता विकासका लागि आवश्यक पर्ने प्राविधिक र अन्य सहयोग पुऱ्याउने ।
- जनसङ्गठन, सरकार, दल र अन्य गैरसरकारी संस्थाबीच पुलको काम गर्ने ।
- अभियानका सिकाई, उपलब्धि र अन्य अनुभव छलफलमा ल्याई उपयोगमा ल्याउने ।

**अन्तर्राष्ट्रिय गैससको भूमिका :**

- भूमिसुधारको सवाललाई आधारभूत मानवअधिकार, सामाजिक न्याय, गरिबी निवारण र सामाजिक संलग्नताको मूल पक्षका रुपमा आत्मसात गरी आफ्ना सम्पूर्ण कार्यक्रममा भूमि तथा कृषि सुधारको सवाललाई एकिकृत गर्ने ।
- आन्दोलनलाई दिगो रुपबाट अगाडि बढाउन आवश्यक नैतिक, प्रविधिक र आर्थिक सहयोग गर्ने वा समन्वय गराउने ।
- भूमिअधिकार अभियानलाई अन्य सामाजिक अभियानसँग गाँसेर लैजाने ।
- नेपालमा जनमूखी भूमिसुधारको दिगोरुपमा स्थापना गर्न आवश्यक सहयोग पुऱ्याउने ।

**द्विपक्षीय सहयोगी संस्थाको भूमिका :**

- भूमिअधिकारलाई भूमि अधिकारबाट बञ्चितहरुको आधारभूत मानवअधिकार सुनिश्चित गर्ने र आत्मसम्मानको जिन्दगी जिउन सक्ने प्रभावकारी साधनका रुपमा स्विकारी आवश्यक कदम उठाउने ।
- भूमिअधिकार आन्दोलनका स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय तहमा नैतिक, व्यावसायिक र आर्थिक सहयोग पुऱ्याउने ।
- भूमिसुधारलाई सामाजिक रुपान्तरण र दिगो शान्ति स्थापना गर्ने महत्वपूर्ण साधनका रुपमा वकालत गर्ने ।
- सरकार र राजनीतिक दललाई जनताको पक्षमा भूमिसुधार गर्न प्रेरित गर्ने ।

**सरकार र राजनीतिक दलको भूमिका :**

- भूमिलाई भूमिअधिकारबाट बञ्चितको आधारभूत अधिकारको रुपमा स्थापित गर्दै लैजाने ।
- गरीब भूमिहीनका लागि काम गरिरहेका संस्थासँग भूमिसुधारको नीति र निर्णयमा सहभागिता बढाउन समन्वय बढाउँदै लैजाने ।
- राजनीतिक दल र सरकारले गरेका प्रतिबद्धता र सहमति लागू गर्ने ।
- भूमिसुधार, भूमि व्यवस्थापन, न्याय र समुन्नतिका लागि नीतिहरुको निर्माण र सुधार गर्ने ।

## ४. आलोचनात्मक सवाल र चुनौती

### ४.१ सवाल र चुनौती :

भूमिसुधार आफैंमा एक जटिल राजनीतिक एवं आर्थिक सवाल हो । युगौंदेखि आम जनताबाट भूमिसुधारको आवाज उठिरहेको छ । विगतका सरकारले भूमिसुधारको पक्षमा थुप्रै प्रतिबद्धता जनाएका छन् तर तिनको कार्यान्वयन भने भएको छैन । गरीबका पक्षमा भूमिसुधार गर्नका लागि कैयौं चुनौती र सवाल सामना गर्नुपर्छ ।

**साँघुरो बुझाई :**

भूमिसुधारका कुरा उच्चवर्गीय समूहद्वारा निकै पक्षपाती ढङ्गले हेरिन्छ । यिनीहरुले भूमिसुधारलाई जमिनमा हदबन्दी लगाउने, जमिन खोसेर भूमिहीन र सुकुम्बासीबीच बाँड्ने रुपमा मात्र हेरेका छन् । यही सन्देश उनीहरु मध्यमवर्गीय जमिनदारबीच फैलाई भूमिसुधार विद्रोही पनि बनाउँछन् । तराईका उच्चवर्गीयहरुले पहाडेहरुले तराईका जग्गा कब्जा गर्ने भए भनेर गलत विचार, डर र त्रास फैलाउँदैछन् । भूमिसुधार भनेको हदबन्दी लगाउने र सुकुम्बासीलाई जमिन बाँड्ने भन्नेमात्र साँघुरा बुझाईका कारण ठूलो समुदाय भूमिसुधार शब्द सुन्न पनि चाहँदैन । उनीहरु यसलाई व्यक्तिको सम्पत्ति खोस्ने कार्यका रुपमा बुझ्ने गरिन्छ । सामाजिक न्याय, आर्थिक विकासको र समग्र राज्य रुपान्ततरण ।

**नीतिहरु स्थापना र कार्यान्वयनमा अझै जनताको सहभागिता नहुनु :**

नीति निर्माणमा जनताको सहभागिता र कार्यान्वयन छैन, बनेका नीति फाइदा गर्नेभन्दा पनि केही निश्चित व्यक्तिलाई लाभ प्राप्त गर्ने साधनमात्र बनेका छन् ।

पहिलेका र अहिलेका सरकार भूमिसुधारका नीति स्थापना गर्न र कार्यान्वयनमा ल्याउन गरीब, भूमिहीन जनतालाई समेट्ने आँट गर्दैनन् । नीतिगत निर्णय र कार्यान्वयनमा गरीबको पनि सहभागिता हुनुपर्छ भन्ने रुपमा हेरिँदैन, केवल प्राविधिक र प्रशासनिकरुपमा मात्र हेरिन्छ । कार्मचारीहरुद्वारा मात्र निर्माण गरिएका नीतिहरु असफल हुने ठूलो सम्भावना हुन्छ किनभने गरीब जनताको त्यसमा न सहभागिता हुन्छ, न त उनीहरु यसमा विश्वास नै गर्छन् ।

**राजनीतिक नारा कार्यान्वयनमा ल्याउन नसक्ने साझा ढाँचा :**

अन्तरिम संविधान २०६३ र विस्तृत शान्ति सम्झौता २०६३ मार्फत् प्रमुख राजनीतिक दलले वैज्ञानिक भूमिसुधारको कुरालाई कार्यान्वयनमा ल्याउन एक साझा ढाँचाको अभाव भएको देखिन्छ । राजनीतिक दलहरुसँग भूमिसुधारका कुरा कार्यान्वयन गर्न साझा ढाँचा नभएसम्म भूमिसुधारका प्रक्रिया अघि बढाउन सकिँदैन । राजनीतिक



दलहरु नै के हो वैज्ञानिक भूमिसुधार भन्ने सवालमा अस्प्रष्ट पाइन्छ । कुनै दलले हाम्रो नीति क्रान्तिकारी भूमिसुधार नै हो भनेका छन् भने कसैले प्रगतिशील । राजनीतिक दलबीच नै भूमिसुधारको बुझाइ साझा हनु आवश्यक छ । राजनीतिक दलहरु जनताका अगाडि बोल्छन् तर आफ्नो पार्टीले कसरी भूमिसुधार गर्छ भन्ने विषयको खाका उनीहरुसँग छैन । राजनीतिक पार्टीका बैठकमा भूमिसुधार कसरी गर्ने भन्ने विषयले महत्व पाउँदैन । त्यसैले दलभित्र नै भूमिसुधारका खाका र उनीहरुको घोषणापत्रमा नै छलफल गर्नु आवश्यक छ ।

**जमिनमा महिला स्वामित्वको अभाव :**

महिलाहरु परापूर्वकालदेखि नै भूमि र अन्य उत्पादनका स्रोतहरुको स्वामित्व पाउनबाट वञ्चित छन् । १०.८% महिलाको मात्र भूमिमा स्वामित्व छ र यिनीहरुमा पनि अधिकांशसँग नाममात्रैको स्वामित्व छ । निर्णय लिने अधिकार छैन । घरेलु हिंसा र महिला विभेदको जरो भूमि हो तर आजसम्म यस मुद्दामा निकै कम अभ्यास भएका छन् ।

**वित्तीय संस्थाहरुको बढ्दो स्वार्थ र ध्यानाकर्षण :**

भूमिसुधारका विशेषगरी दुई विचार छन् । एउटा समुन्नत सामाजिक र आर्थिक सुधारका लागि भूमिसुधार र अर्को बजारमुखी ढाँचा । द्विपक्षीय दाताहरु विशेषगरी विश्व बैंक, एसियाली विकास बैंकलगायत्का दाता समूहले बजारमुखी भूमिसुधारको पद्धतिलाई अल्पविकसित मुलुकमा लाद्ने प्रपञ्च चलिरहेको छ । यो जनताको हितमा नभएर हुने/खानेका हितमा भएकाले यस विषयमा संवाद गर्न र सर्वसाधारणलाई सचेत गर्नु र खबरदारी गर्नु आवश्यक छ ।

**जनसङ्गठन सवलीकरणको मुद्दा :**

निर्माण भएका जनसङ्गठनहरुलाई कसरी आत्मनिर्भर बनाउने र ती सङ्गठनभित्र कसरी असल संस्कृति निर्माण गर्ने भन्ने विषयमा गम्भीर गृहकार्य आवश्यक छ । अहिलेसम्म धेरै जसो समुदाय तहका सङ्गठन कसैले केही ल्याइदिने आसमा छन् । समग्र मुक्ति जनसङ्गठनको सपना बन्न सकेको छैन । आफ्नो लागि आफै लड्ने संस्कृतिको विकास सोचेको मात्रमा अगाडि बढेको छैन ।

**अन्य :**

भूमिअधिकारबाट वञ्चितहरुले जग्गामा स्वामित्व पाएपछिको दोस्रो चरणको काममा आन्दोलनको ध्यान पुगेको छैन । स्वामित्वले मात्र पीडितको अवस्थामा तात्विक

परिवर्तन आउने देखिँदैन। यसर्थ कृषि सुधार र कृषि उद्यमको कुरालाई पनि कसरी लैजाने भन्नेबारे सोच्न जरुरी छ।

भूमिअधिकार आन्दोलनको योजना निर्माण सोचेजस्तो तलबाट हुन सकेको छैन। माथिबाट तयार पारिएको योजना तयार पार्नेहरुकै सोचअनुरुप तल बुझाउन नसक्दा जति प्रभावकारीरुपमा अभियान र आन्दोलन उठ्नुपर्ने हो, उठ्न कठिनाई भइरहेको छ।

भूमिअधिकारबाट वञ्चित बाहिरको घेराको बहस निकै नै अपुग छ। समुदाय, जिल्ला र राष्ट्रिय तीन वटै तहमा भूमिसुधार बाहिरको तह र तप्कामा भएको प्रयास अत्यन्त झिनो छ। मध्यम तथा अरु सेवामा संलग्न क्षेत्रसँग संवाद हुन सकेको छैन।

उपलब्ध तथ्याङ्कहरुको अविश्वसनीयता, पुराना र फरक फरक तथ्याङ्क प्रयोगले आन्दोलनको गहिराई कम गरेको छ। अध्ययन र अनुसन्धानको पाटो सुदृढ बनाउन आवश्यक छ।

### ४.२ चुनौती सामना गर्ने रणनीति :

**स्थानीय अभियान बलियो बनाउँदै लैजाने :**

गरीब किसान भूमिअधिकार अभियानमा कैयौं वर्षदेखि लागिपरेका छन्। केही हदसम्म सफलता हासिल भएता पनि यो नेपालको सम्पूर्ण भूमिअधिकार अभियानलाई सफल बनाउन पर्याप्त छैन। माथिक चुनौती सामना गर्न स्थानीय तहका जनसङ्गठनलाई अझ सुदृढ गर्दै लैजानुपर्छ र अगुवाको क्षमता विकासमा पनि ध्यान दिनु आवश्यक छ। जनताको यो अभियान लोकतान्त्रिक र आत्मनिर्भर हुनु जरुरी छ। यो अभियानले सम्पूर्ण गरीब भूमिहीनलाई परिचालन गर्दै सबै महत्वपूर्ण सवाल (मोहियानी हकका लागि दाबी गर्नेदेखि राष्ट्रिय स्तरका नीतिगत छलफल चलाउनेसम्मलाई) सम्बोधन गर्नुपर्छ। यी सबै कदम गरीब र पिछडिएका वर्गबाट चालिनुपर्छ।

**जनताको सहभागिता अझ व्यापक बनाइनुपर्छ :**

भूमिअधिकार आन्दोलन अझै पनि पिछडिएका गरीब किसानसम्म मात्र सीमित छ। यो आन्दोलनलाई राष्ट्रिय मानव अधिकार र सामाजिक न्यायको अभियानका रुपमा हेरिन बाँकी नै छ। सम्पूर्ण चुनौती सामना गर्न भूमि अधिकार अभियानलाई अन्य मानव अधिकार, विकास र न्यायका अभियानसँग राष्ट्रियरुपमा जोड्दै लगिनुपर्छ।



भूमि अधिकार अभियानलाई राजनीतिक दलले मात्र जल्दोबल्दो सवालका रुपमा लिएका छन्। नीति निर्माणकर्ता, विज्ञ र नीति कार्यान्वयनकर्ताहरुको यसप्रति ध्यानाकर्षण हुन सकेको छैन। यी विज्ञको सहभागिता र सहयोगविना

## ख. रणनीतिक ढाँचा :

### १. परिकल्पना :

नेपाली समाज, जहाँ हरेक व्यक्ति स्वतन्त्र, सुरक्षित र आत्मसम्मानित जीवन बाँचिरहेका हुनेछन्।

### २. ध्येय :

भूमिअधिकारबाट वञ्चित महिला तथा पुरुषलाई भूमिलगायत् अन्य आधारभूत अधिकार दाबी र उपभोग गर्न सक्षम बनाउनु।

यो ध्येय प्राप्त गर्नका लागि सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले भूमिअधिकारबाट वञ्चित व्यक्तिहरु (गरीब महिला तथा पुरुष) को क्षमता अभिवृद्धि गर्ने, उनीहरुका पक्षमा नीति नियम बनाउन र कार्यान्वयन गर्न, भूमिसुधारका विकल्प प्रस्तुत गर्न र भूमिअधिकारबाट वञ्चितहरुबाटै अभियानकर्ता तयार र परिचालन गर्ने गतिविधि सञ्चालन गर्नेछ।

### ३. मूल्य र मान्यता :

(क) सबैका लागि सबै मानवअधिकारको संरक्षण र प्रवर्द्धन : सामुदायिक आत्मनिर्भर सेवा केन्द्र, यस आन्दोलनका सहयात्री संस्था र सङ्गठन सबै अधिकार सर्वव्यापी र अन्तर्सम्बन्धित हुन्छ र समाजका सबै व्यक्ति र समूह (महिला, पुरुष, वरिष्ठ नागरिक, युवा, फरक क्षमता भएकाहरु) विना भेदभाव ती सबैको अधिकार उपभोग गर्न पाउनुपर्दछ भन्ने कुरामा विश्वास गर्दछन्।

(ख) बहुलवाद र विविधताको कदर : हामी नेपालमा रहेको विविधता र बहुलपनालाई समृद्धिको स्रोतका रुपमा देख्छौं र यसलाई भूमिअधिकार आन्दोलनमा प्रवर्द्धन गर्न प्रतिबद्ध छौं। हामी बहुलवादलाई राजनीतिक र सांस्कृतिक विविधता अभिव्यक्त गर्ने माध्यम मान्छौं।

(ग) सामाजिक समावेशिता : भूमिअधिकारबाट वञ्चितको भूमिअधिकार सुनिश्चित गर्ने प्रक्रियामा समाजका सबै तह, वर्ग, क्षेत्र, समुदाय र तप्काका (महिला, पुरुष, वरिष्ठ नागरिक, युवा, फरक क्षमता भएकाहरु) मानिसको समावेशिता अपरिहार्य छ भन्ने कुरामा हामी विश्वास गर्दछौं।

(घ) अहिंसात्मक पद्धति अनुशरण : हाम्रो आन्दोलनमा हुने गतिविधि तथा अभिव्यक्ति अहिंसात्मक बनाउन हामी प्रतिबद्ध छौं। शान्तिपूर्ण सामाजिक

आन्दोलन दिगो उपलब्धि हासिल गर्ने माध्यम हो भन्नेमा हाम्रो दृढ विश्वास छ ।

(ङ) संस्थागत सुशासन : सुशासनको आधारभूत सिद्धान्त हामी आफैंले अनुशरण नगरे भूमि प्रशासनलाई पारदर्शी र जवाफदेही बनाउने हाम्रो लक्ष्य पूरा हुँदैन भन्नेमा सामुदायिक आत्मनिर्भर सेवा केन्द्र र भूमि अधिकार आन्दोलनका सहयात्री संस्था सहमत छौं । हामी र हाम्रा गतिविधि मूल्य मान्यतामा आधारित भएमा सरकारलगायत् अन्य निकायलाई सुशासनका सिद्धान्त पालना गर्न/गराउन नैतिक बल प्राप्त हुन्छ ।

(च) लोकतान्त्रिक निर्णय प्रक्रिया र कार्यान्वयन : सामुदायिक आत्मनिर्भर सेवा केन्द्र, यस आन्दोलनका सहयात्री संस्था र सङ्गठन सबै लोकतान्त्रिक पद्दतिको आधारभूत सिद्धान्त पालना गर्न/गराउन प्रतिबद्ध छन् । यो संस्था र आन्दोलनको हरेक तह र समग्र गतिविधिको योजना, कार्यान्वयन र अनुगमन मूल्याङ्कन पद्धतिमा प्रभावकारी अभ्यास गरिनेछ ।

(छ) लैङ्गिक समानता : सामुदायिक आत्मनिर्भर सेवा केन्द्र, यस आन्दोलनका सहयात्री संस्था र संगठनभित्र तथा आन्दोलनको समग्र गतिविधिको योजना, कार्यान्वयन र अनुगमन मूल्याङ्कन पद्धतिमा महिला र पुरुषको बराबर सहभागिता र स्वामित्व स्थापित गर्न प्रतिबद्ध छौं ।

## ४. लक्ष्य :

भूमिअधिकारबाट वञ्चित महिला तथा पुरुषको स्वतन्त्रता र आत्मसम्मानित जीवन जिउनको लागि भूमिमाथि न्यायिक पहुँच र नियन्त्रण कायम गर्ने ।

## ग. कार्यान्वयन योजना :

### १. अपेक्षित नतिजा, सूचक र क्रियाकलाप

**नतिजा १**

*भूमिअधिकारबाट वञ्चित महिला तथा पुरुष हक अधिकार दावी र अभ्यास गर्न सङ्गठित, सवल र परिचालन भएका हुनेछन् ।*

**सूचक :**

- राष्ट्रिय भूमिअधिकार मञ्च भूमिअधिकार आन्दोलनको नेतृत्व गर्ने जनसङ्गठनका रुपमा सुदृढ भएको हुनेछ ।
- आन्दोलनमा सक्षम कर्मचारी र कार्यकर्ता परिचालित हुनेछन् । उनीहरु कानुनी सहयोग, सङ्गठन निर्माण र स्थानीयदेखि राष्ट्रियसम्म सञ्जाल निर्माण काममा जुट्छन् । अधिकारग्रहीका कारण सम्बोधन गर्न परिचालित भएका हुनेछन् ।
- स्थानीय अभियान र राष्ट्रिय नीतिगत छलफलबीच मजबुत सम्बन्ध स्थापना हुनेछ ।
- भूमिअधिकार अभियानलाई जीविकोपार्जनका अन्य अवसर र सहकारीका कामसँग पनि जोडिनेछ ।

**मुख्य क्रियाकलाप :**

- भूमिअधिकार र यससँग सम्बन्धित विषयको परिवेश विश्लेषण, सामग्री र सूचना सङ्कलन र अभिलेखनको काम संस्थागत गर्ने ।
- राष्ट्रिय भूमिअधिकार मञ्चलाई ५० जिल्लामा विस्तार र ७५ जिल्लामै सम्पर्क स्थापित गर्ने ।
- स्थानीय राजनीतिक दल, जमिनदार, सामाजिक अभियानकर्ता र स्थानीय जनसमुदाय, स्थानीय, जिल्ला र क्षेत्रीय तहमा रुपान्तरणमुखी भूमिसुधारबारे छलफल र अन्तरक्रिया सञ्चालन गर्ने ।
- समुदाय तहमा जनमुखी शिक्षा केन्द्र स्थापनामा सहजीकरण गर्ने ।
- कर्मचारी, भूमिअधिकार अभियानकर्मी, समुदायका अगुवा र नीतिगत कार्यकर्ताको क्षमता अभिवृद्धिका लागि तालिम र प्रशिक्षण सञ्चालन गरी सम्बन्धित क्षेत्रमा परिचालन गर्ने ।
- देशभित्र र बाहिर सिकाइ आदान-प्रदानका कार्य अभिवृद्धि गर्ने ।
- भूमिअधिकार मञ्चका कार्यक्रमलाई व्यवस्थित र निष्पक्ष बनाउन नीति व्यवस्थापन र अद्यावधिक गर्ने ।
- स्थानीय र जिल्ला तहमा आन्दोलन कोष स्थापना र परिचालन गर्ने ।

- वास्ताविक भूमिसुधार प्रक्रियालाई प्रेरित गर्न वकालत र लविङको कार्य प्रभावकारीरुपमा अगाडि बढाउने ।
- विभिन्न जनपरिचालन जस्तो : ऱ्याली, प्रदर्शन, अभियान सञ्चालन गर्ने ।
- भूमिसुधारका वैकल्पिक खाका बनाउन र स्थानीय तहबाट नै व्यवस्थापन गर्ने गरी अनुसन्धानका प्रक्रिया अघि बढाउने ।
- संयुक्त स्वामित्व र जमिनमा महिला पुरुष दुवैको बराबरी हक स्थापनाका लागि व्यवस्थित लबिङ गर्ने ।
- भूमिअधिकारका लागि दाबी गरिएका मुद्दा र भूमिअधिकारलाई प्रोत्साहित र सुरक्षित गर्ने मुद्दामा पनि सहजीकरण गर्ने ।

**नतिजा २**

*भूमिसुधारबारे आम सहमति र स्पष्टता आई नेपालको सन्दर्भमा सुहाउँदो भूमिसुधारको नीति तथा कार्यढाँचा विकास र कार्यान्वयन भएको हुनेछ ।*

**सूचक :**

- राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा नीति सुधार, नयाँ नीति निर्माण, उच्चस्तरीय भूमिसुधार अयोग गठनका लागि क्रमबद्ध अभियान र द्विपक्षीय संस्थाहरुसँग अन्तरक्रिया ।
- भूमिसुधारका वैकल्पिक खाका निर्माण ।
- राष्ट्रिय अन्तर्राष्ट्रिय अनुभवबाट बटुलिएका राम्रा क्रियाकलाप र अभ्यास छापिएको, वितरण गरिएको (विभिन्न सहकारी संस्थासँग)
- सबै तह स्थानीय, राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरमा नागरिक समाज स्थापना र सुदृढीकरण
- केन्द्रीय, सङ्घीय र स्थानीय तहमा भूमि व्यवस्थापन र प्रशासनमा प्रजातान्त्रीकरण ल्याउन विभिन्न अभियान सञ्चालन

**मुख्य क्रियाकलाप :**

- राजनीतिक दलका नेता, सरकारी कर्मचारी, सभासद, नागरिक समाजका अगुवा र विज्ञसँग नीतिगत छलफल परिचालन गर्नु ।
- उच्चस्तरीय भूमिसुधार आयोगलाई सहयोग गर्नु ।
- नीतिगत विश्लेषण, अनुसन्धान, प्रकाशन र वितरण, परिचालन गर्ने ।
- छापा र विद्युतीय सञ्चार माध्यमलाई भूमि अधिकारका विषय सामाजिक घेरामा ल्याई छलफलको विषय बनाउन परिचालन गर्नु ।
- भूमिअधिकार अभियानमा लागेका सङ्गठनलाई परिचालन गर्नु ।
- राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा सिकाई र अनुभव बाँड्ने ।



- राजनीतिक दल, सभासद र राज्यका संस्थाहरुसँग समन्वय बढाउनु ।
- भूमिसुधारका विषयलाई अझ प्रोत्साहन गर्न राष्ट्रिय र अन्तर्राष्ट्रिय मञ्चमा सहभागिता जनाउनु ।

**नतिजा ३**

*भूमि तथा कृषि क्षेत्रमा संलग्न गैरराज्य पक्षका सरोकारवाला (विश्व बैंक, एसियाली विकास बैंक र अन्य बहुपक्षीय नाफाखोर कम्पनीहरु) सँग आलोचनात्मक सहकार्य भइरहेको हुनेछ ।*

**सूचक :**

- वित्तीय संस्थाका गरीबमुखी नीतिबाट फाइदा लिन र गरीब भूमिहीन, महिला र पुरुषको हित विपरित रहेका नीतिहरुको विरोध गर्न समालोचनात्मक समन्वय विस्तार ।
- बहुउद्देश्यीय र वित्तीय संस्थाका गरीब विपरित नीतिको प्रतिरोध गर्न नागरिक समाजका क्रियाकलाप सशक्तिकृत गर्ने ।

**मुख्य क्रियाकलाप :**

- नेपाली विज्ञ र अभियानकर्तालाई माथि उल्लिखित संस्थासँग आलोचनात्मक समन्वय बढाउने, क्षमता विकास र परिचालन गर्ने ।
- गरीब र पिछडिएका वर्गमा विश्वव्यापीकरण र उदारवादी नीतिको प्रभाव बुझ्न अध्ययन र अनुसन्धान गर्ने ।
- यी संस्थाका नीतिबारे जनमानसमा सचेतीकरण बढाउन अभियान सञ्चालन गर्ने ।
- विश्वव्यापीकरण र नवउदारवादी प्रक्रिया र गरीब भूमिहीनबीचको सम्बन्ध छलफल गर्न यी संस्थाबीच अन्तरक्रिया गर्ने ।

**नतिजा ४**

*भूमिअधिकार आन्दोलनको विभिन्न तहमा भएका अभ्यासबाट सिकाइ एवम् ज्ञान निर्माण भई आन्दोलनभित्र प्रयोग र अन्यत्र प्रसार भएको हुनेछ ।*

**सूचक :**

- सवालगत कार्यअनुसन्धान र निष्कर्ष प्रकाशन र प्रचारप्रसार ।
- अभियानकर्ता, अनुसन्धानकर्ता र विज्ञमा पढ्ने र सिक्ने बानी प्रोत्साहन गर्न स्रोत केन्द्रहरु स्थापना ।

**मुख्य क्रियाकलाप :**

- भूमिसम्बन्धी सामग्री सहजरुपमा उपलब्ध गराउन विभिन्न भेगमा स्रोत संस्था स्थापना ।
- अध्ययन तथा अनुसन्धान सम्भव भएसम्म विश्वविद्यालयहरुसँगको सहकार्यमा गर्ने ।
- सामाजिक लेखाजोखा र सहभागीमूलक चिन्तन मनन् र सिकाई प्रक्रिया ।
- विभिन्न वकालतीय तथा आवधिक प्रकाशन र वितरण
- राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा समन्वय र सहकार्य विकास तथा विस्तार
- वास्तविक भूमिसुधारका लागि कार्यगत अनुसन्धान, नमुना विकास

## २. चुनौती, अनुमान र कम गर्ने उपाय

### २.१ अनुमान :

समुदायका मानिस र त्यसमाथि पनि विशेषगरी गरीब, भूमिहीन, मोही र किसान सामुदायिक समूहमा सङ्गठित भई हकका लागि विभिन्न क्रियाकलापमा संलग्न हुँदा कुनै पनि ठाउँबाट बाधा अड्चन सामना गर्नु नपरोस् । यो पनि आशा गरिन्छ कि अभियानले उठाएका सवाललाई संविधान बनाउने प्रक्रियामा समावेश गरी त्यसको एक अङ्गका रुपमा लिइन्छ ।

**अन्य आशा :**

चलिरहेका सामाजिक, राजनीतिक अभियान (जस्तै : तराई आन्दोलन, जनजाति आन्दोलन) समावेशी, पहिचान, आत्मस्वतन्त्रता र राज्य पुनर्स्थापनासँग सम्बन्धित छन् । यिनले सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको उद्देश्यमा बाधा हैन, योगदान नै पुऱ्याउने छन् ।

### २.२ चुनौती:

चैत २०६३ को जनआन्दोलनपश्चात् नेपालको राजनीतिक माहोलमा राम्रोका लागि नै परिवर्तन आइरहेको छ । चैत २०६४ को संविधानसभाको चुनावपश्चात्, नेपालको राजनीतिक माहोल गरीब भूमिहीनको पक्षमा नै रहेको देखिन्छ । यो प्रोत्साहनजनक भए तापनि राजनीतिक दलबीच समन्वय राम्ररी बढेको छैन । र, तराईमा अझ पनि हतियारलाई सहारा लिई आन्दोलन सञ्चालन गर्ने प्रक्रिया यथावत् छ । यसले गर्दा नीतिहरु पहिचानमै समस्या हुन सक्छ । अर्को चुनौती भनेको जमिनदारले आफ्नो भएको जमिन बेचेर भूमिसुधारका प्रक्रियालाई अझ जटिल बनाउनु हो ।

भूमिसुधारका मुद्दा देशव्यापीरुपमा अघि बढिरहेका क्रममा केही मानिस र समूह जो भूमिसुधारविरुद्ध छन्, उनीहरुले गरीब किसान, मोही र भूमिहीनको सङ्गठन



टुक्र्याई अभियानलाई नै विभाजन गर्न सक्छन् । यसले गर्दा दाता र राजनीतिक दल पनि विभाजित हुने सम्भावना बढ्छ । जसले गर्दा अभियान नै कमजोर हुन सक्छ ।

### २.३ योजना र रणनीति :

भूमिअधिकार अभियानले यी चुनौती र खतरा कम गर्नका लागि स्थानीय अभियानकर्मी, नागरिक समाज र गरीब भूमिहीनका हितमा काम गर्ने संस्था परिचालन गर्नेछ । जसले गर्दा राजनीतिक दल र अन्य सामाजिक, राजनीतिक अभियानले भूमिहीन र गरीबको माग सम्बोधन गरोस् । गरीब, पिछडिएका भूमिहीनको आत्म-सम्मानित जीवन जिउने हक सुनिश्चित गर्न सरोकारवाला, राजनीतिक दल र अन्य संस्थालाई दबाब दिन सञ्चार माध्यम परिचालन गरिनेछ । सामुदायिक आत्मनिर्भर सेवा केन्द्र र सहयात्री संस्था जमिनदारलाई विभिन्न क्रियाकलापमार्फत् मानवअधिकार र विशेषगरी भूमिहीन र भू-गरीबको अधिकारबारे चेतना जगाउन लागिपर्ने छन् । त्यसैगरी शक्ति, ज्ञान र अधिकारवालाको गरीबप्रतिको दायित्वबारे चेतना जगाउन पनि लागिपर्ने छन् । यसो गर्नाले जमिनदारले भूमिसुधारप्रति जनाउने विरोध कम हुनेछ ।

चुनौती घटाउने रणनीतिको केन्द्रीय ध्यान भनेको मोहीमुखी र भूमिहीनमुखी नीति स्थापना गर्न राष्ट्रिय एकमत सिर्जना गरी भूमिसुधारका नीति निर्माणकर्तासँग समन्वय बढाउनु हो । योजना गरिएअनुसार राष्ट्रिय निर्माणकर्ताबीचको समन्वय विकासले स्थानीय तहमा पनि राम्रो प्रभाव पर्नेछ ।

## ३. दिगोपना र प्रस्थान गर्ने योजना

सामुदायिक आत्मनिर्भर सेवा केन्द्र र सहयात्री संस्था सचेत छन् कि भूमिअधिकार अभियान बाहिरी स्रोत र शक्तिमा निर्भर नभई आन्दोलन दिगो बनाउन सक्दैनन् । यही सचेतीकरणका कारण गरिब भूमिहीनको संस्थागत र क्षमता विकास दुवैमा जोड दिइएको छ ताकि उनीहरु आफ्ना प्राथमिकता छुट्याउन सकी यथार्थ रोजाई धान्न सकून् । जो मानिसका लागि अभियान महत्वपूर्ण छ ती मानिसबाटै अभियान सञ्चालन भएमा त्यो दिगो हुन्छ ।

अभियानको दिगोपनाको अर्को आधार भनेको त्यस्तै विचारधारा बोकेका अन्य गैरसरकारी संस्था, अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, सरकारी संस्था र अन्य संस्थासँग क्षेत्रीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा पनि रहेको सम्बन्ध । रणनीतिक योजनाले विगतका सम्बन्ध सुदृढ गर्दै लैजान्छ र नयाँ सम्बन्ध पनि विस्तार गर्छ । बाहिरी

स्रोतबाट सञ्चालन हुने मानव स्रोत (जस्तै- अभिनकर्मी, ऱ्याली र अन्य मानवीय स्रोत) सञ्चालन गर्न भरपुर अठोट गरिन्छ ।

यिनै क्रममा अझै राम्रो ढाँचाको योजना २०१० सम्म स्थापित गरिनेछ, जसमा अभियानलाई दिगो बनाउन अझ ठोस रणनीति स्थापित गरिनेछन् र मानवीय स्रोत, गैसस र सहकारी संस्थाबाट संस्थामा पुग्ने विकासका कुरा पनि समेटिने छ ।

## ४. मूल्याङ्कन र निर्धारण प्रक्रिया :

मूल्याङ्कन र निर्धारण निरन्तर चलिरहने प्रक्रिया हो र यो परिणाममा आधारित प्रक्रियाबाट चल्छ । विगत वर्षमा सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले विभिन्न नीति, नियम र ढाँचा स्थापना र सञ्चालन (जस्तै- संस्थागत सुशासन नीति, प्रशासनिक र आर्थिक नीति आदि), परिचालनबाट मूल्याङ्कन र निर्धारण गर्ने प्रक्रियालाई संस्थाको महत्वपूर्ण पाटोका रुपमा विकसित गर्दै लगिरहेको छ ।

मूल्याङ्कन र निर्धारणका प्रक्रिया दुवै संस्थागत र कार्यक्रम परिचालनका तहमा सञ्चालन हुनेछन् । मूल्याङ्कन र निर्धारण गर्ने प्रक्रियालाई अझ सुव्यवस्थित बनाउन केन्द्रीय तहमा मूल्याङ्कन र निर्धारण अधिकृत नियुक्त गरिनेछ, जो मूल्याङ्कन, निर्धारण र प्रतिवेदनका लागि जिम्मेवार हुनेछ ।

सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले कार्यक्रमको योजना बनाउनेदेखि कार्यान्वयन गर्ने सबै तहमा समावेशी बाटो अपनाएको छ । यस्ता क्रियाकलापमा प्राथमिक समूह र अन्य सरोकारवाला सक्रियरुपमा समावेश होउन् भन्ने लक्ष्य राखिएको हुन्छ ।

सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको आन्तरिक मूल्याङ्कन कार्यकारी आयोगले नियमितरुपमा गरिरहेको छ र यो क्रमलाई निरन्तरता पनि दिइनेछ। यसबाहेक सबै सहयात्री संस्था हरेक ६ महिनामा प्रगति के भयो भनी मूल्याङ्कन गर्न बस्छन्। सबै मूल्याङ्कनले प्रगति र रोकावट दुवै निर्धारण गर्छ ।

सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले संस्थाका स्रोत उपयुक्तरुपमा परिचालन होस् भन्नका लागि सामाजिक लेखाजोखा र आन्तरिक र बाह्य लेखाजोखा पनि सञ्चालन गर्छ । त्यसैगरी हरेक तीन वर्षमा व्यवस्थापनको पनि लेखाजोखा गर्छ ।

दुवै आन्तरिक र बाह्य मनन् र मूल्याङ्कन प्रक्रियामा सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले ३ वर्षमा समावेशी प्रक्रियाद्वारा रणनीतिक योजना, संस्थागत विकास, योजना र क्रियाशील योजना संशोधन गर्नेछ ।



## ५. मानविय र आर्थिक स्रोत योजना

भूमिअधिकार अभियानलाई सहजीकरण गर्न सामुदायिक आत्मनिर्भर सेवा केन्द्रसँग सानो, छरितो र प्रतिबद्ध कर्मचारी छन् । तर रणनीतिक योजना कार्यान्वयनमा ल्याउन अहिलेको कर्मचारी सङ्ख्या पर्याप्त छैन । अभियानलाई भूमि र कृषि सुधारबारे ज्ञान भएका विभिन्न रचनाका थप मानवीय स्रोत आवश्यक छ। हरेक जिल्लामा कम्तीमा १ महिला र १ पुरुष जिल्लास्तरीय सहजकर्ता चाहिन्छ। जसले भूमिअधिकार अभियानलाई अझ सशक्तिकृत गरी अघि बढाउन सकियोस्। यसैगरी अभियान पुगेका सबै गाविसमा कम्तीमा १ महिला र १ पुरुष गाविस सहजकर्ता पनि हुनु आवश्यक छ।

उनीहरुको प्रमुख जिम्मेवारी जनसङ्गठनलाई सुदृढ गर्नु र भूमिसुधारको वैकल्पिक खाका तयार गरी परिचालन गर्नु हुनेछ। राष्ट्रिय स्तरमा कम्तीमा ५० कर्मचारी २५ महिला र २५ पुरुष, जसलाई भूमि र भूमिसँग सम्बन्धित अन्य सवालको ज्ञान भएको, वकालत र लबिङ गर्ने क्षमता भएका, शान्तिपूर्ण ढङ्गबाट आन्दोलन अघि बढाउने क्षमता र साथै मूल्याङ्कन र मनन् गर्ने क्षमता भएका व्यक्ति परिचालन हुन जरुरी छ।

अन्तिममा ५ वर्षे रणनीतिक योजना सफल पार्न र अभियानको लक्ष्य हासिल गर्न आर्थिक स्रोत आवश्यक हुन्छ। अनुसूची २ ले यी रणनीतिक योजना सफल पार्न चाहिएको बजेट प्रस्तुत गरेको छ।

### ५.१ आर्थिक स्रोत व्यवस्थापन :

भूमिअधिकार अभियानको सचिवालयका रुपमा स्थापित भएकाले सामुदायिक आत्मनिर्भर सेवा केन्द्र समग्र आर्थिक स्रोत परिचालनको आर्थिक व्यवस्थापन र प्रशासनका लागि राष्ट्रिय भूमि अधिकार मञ्चलाई दुई संस्थाबीचको सहमति तथा वार्षिक योजना र बजेटअनुसार स्रोत दिइनेछ। केन्द्रीय तहका कार्यक्रम सञ्चालन गर्नका लागि राष्ट्रिय भूमि अधिकार मञ्चको केन्द्रीय कमिटीलाई स्रोत दिइनेछ। क्षेत्रीय र जिल्ला तहका कार्यक्रमका लागि सम्बन्धित स्रोत संस्था र मञ्चका जिल्लागत संस्थालाई दिइनेछ। स्रोतको वितरण तल दिइएको चित्रले विस्तृतरुपमा देखाउँछ, सिधा धर्काहरुले प्रत्यक्ष स्रोतको परिचालन र विन्दुधारी धर्काले जिम्मेवारी लिएको छ। अप्रत्यक्ष स्रोतको परिचालन जस्तै क्षमता वृद्धिका लागि स्रोत जनाउँछ।

## ३. संस्थागत विकास योजना

### १. संस्थागत विकास

**नीति र नियमको विकास तथा मनन्**

भूमिअधिकार अभियानका लागि भरपर्दो संस्था विकास हुनुपर्छ भन्नेमा सामुदायिक आत्मनिर्भर सेवा केन्द्र सचेत छ। त्यसैले संस्थाको स्थापनाकालदेखि नै सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले संस्थाको विकासका लागि विशेष पहल गर्दै आइरहेको छ। विगतमा सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले संस्थागत सुशासन नीतिको विकास गरेको छ। जसले कार्यसमिति र सचिवालय समितिबीच शक्तिको उचित बाँडफाँट गरेको छ। सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले मानव स्रोत नीति र व्यवस्थापन तथा आर्थिक व्यवस्थापन नीति पनि बनाएको छ। यी नीतिका आवश्यकताअनुरुप मनन् गरिनेछ र चाहिएको खण्डमा नयाँ नीति पनि विकास गरिनेछ।

रणनीतिक योजनाले भूमिअधिकार मञ्च र सहयात्री संस्थाका नीति-नियमहरुको स्तरीयकरणमा विशेष ध्यान दिनेछ। यी नीति कार्यान्वयनमा ल्याउन आर्थिक योजना र बजेट छुट्याइनेछ।

**सदस्यता वितरणको विविधता र विस्तार :**

संस्था विकासको एउटा महत्वपूर्ण पाटो भनेको सदस्यता वितरणको विस्तार पनि हो। अर्को भनेको जनमत सृजना हो। यी कुराबारे सामुदायिक आत्मनिर्भर सेवा केन्द्र सचेत छ। त्यही भएर सदस्यता वितरणको सिद्धान्त पनि सृजना भएको छ। सन् २००९ सम्म सदस्यता वितरण (२४-३५), सन् २०१० मा (५०) र सन् २०११ मा नीति पुनरावलोकन गरिनेछ। त्यतिबेला चाहिएको रुपमा फेरबदल पनि हुनेछ।

**समन्वय र सम्बन्ध विस्तार :**

सामुदायिक आत्मनिर्भर सेवा केन्द्र राष्ट्रियस्तरमा विभिन्न सञ्जालसँग आबद्ध छ। त्यसैगरी अन्तर्राष्ट्रिय सञ्जाल (जस्तै- अन्तर्राष्ट्रिय भूमि सञ्जाल, इटली, ल्याण्ड वाच एसिया फिलिफिन्स, फोरम एसिया, थाइल्याण्ड, कन्सल्ट वुमेन एण्ड ल्याण्ड राइट्स, भारत) सँग पनि आबद्ध छ। सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले यी सञ्जालसँग समन्वय विस्तार गर्नेछ र अन्य संस्था, जोसँग समन्वय विस्तार गर्न सकिन्छ, तिनीहरुलाई पनि ध्यानमा राख्नेछ।



### २. क्षमता अभिवृद्धि :

रणनीतिक योजनाको अर्को महत्वपूर्ण पाटो भनेको कर्मचारी, अभियानकर्ता र कार्मचारी कमिटीको क्षमता वृद्धि हो। रणनीतिक योजनाले क्षमता विकासका लागि प्रशिक्षण, तालिम र अन्य कार्यक्रम व्यवस्थापन गरेको छ। यी कार्यक्रम वार्षिक कार्ययोजना र बजेटमा मनन् गरिनेछ।

## घ. अनुसूची :

# अनुसूची-१
## लोजिकल ढाँचा

| लक्ष्य, उद्देश्य र नतिजा | उद्देश्यमापक सूचक | मापनका माध्यम |
|---|---|---|
| **लक्ष्य :** भूमिमा पहुँच तथा नियन्त्रण कायम गरी गरीब तथा भूमिहीन किसानको स्वतन्त्र र अस्तित्वपूर्ण जीवन ग्यारेन्टी गर्ने | | |
| **उद्देश्य :** गरीब तथा साना किसानको पूर्ण सहभागितामा सङ्गठन र सञ्जाल विकास गराउँदै भू-स्वामित्वको अवस्था निश्चित गर्न जनमुखी भूमिसुधार गराउने । | | |
| **नतिजा १** *अधिकारग्रही समुदाय (भूमिहीन तथा गरीब किसान महिला र पुरुष) हरु सङ्गठित, सवल, सुदृढ र अधिकार प्राप्तिका लागि स्वतःस्फूर्त परिचालित भएका हुनेछन् ।* | • राष्ट्रिय भूमिअधिकार मञ्च भूमिअधिकार आन्दोलनको नेतृत्व गर्ने जनसङ्गठनका रुपमा सुदृढ भएको हुनेछ ।<br>• आन्दोलनमा सक्षम कर्मचारी र कार्यकर्ता परिचालित हुनेछन् । उनीहरु कानुनी सहयोग, सङ्गठन निर्माण र स्थानीयदेखि राष्ट्रियसम्म सञ्जाल निर्माण काममा जुट्छन् । अधिकारग्रहीका पक्षमा सम्बोधन गर्न परिचालित भएका हुनेछन् ।<br>• स्थानीय अभियान र राष्ट्रिय नीतिगत छलफलबीच मजबुत सम्बन्ध स्थापना हुनेछ ।<br>• भूमिअधिकार अभियानलाई जीविकोपार्जनका अन्य अवसर र सहकारीका कामसँग पनि जोडिनेछ । | |
| **नतिजा २** *नेपालको आवश्यकता र सम्भावनाका आधारमा भूमिसुधार सम्बन्धी नीति तथा कार्यक्रममा व्यापक जनमत निर्माण र सहमतिको वातावरण बनाउने । नयाँ विकल्प स्थापना गर्ने ।* | • राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा नीति सुधार, नयाँ नीति निर्माण, उच्चस्तरीय भूमिसुधार आयोग गठनका लागि क्रमबद्ध अभियान र द्विपक्षीय संस्थासँग अन्तरक्रिया ।<br>• भूमिसुधारका वैकल्पिक खाका निर्माण ।<br>• राष्ट्रिय/अन्तर्राष्ट्रिय अनुभवबाट बटुलिएका राम्रा क्रियाकलाप र अभ्यास छापिएको, वितरण गरिएको (विभिन्न सहकारी संस्थासँग)<br>■ सबै तह स्थानीय, राष्ट्रिय, अन्तर्राष्ट्रियस्तरमा नागरिक समाज स्थापना र सुदृढीकरण<br>■ केन्द्रीय, सङ्घीय र स्थानीय तहमा भूमि व्यवस्थापन र प्रशासनमा प्रजातान्त्रीकरण ल्याउन विभिन्न अभियान सञ्चालन | |
| **नतिजा ३** *नवउदारवादी र नाफामुखी संस्था जस्तै विश्व बैंक, एसियन विकास बैंक र विभिन्न बहुउद्देश्यीय नाफामूलक कम्पनीहरुसँग आलोचनात्मक रही काम गर्ने ।* | ▪ वित्तीय संस्थाहरुको गरीबमुखी नीतिहरुबाट फाइदा लिन र गरीब भूमिहीन, महिला र पुरुषको हित विपरित नीतिहरुको विरोध गर्न समालोचनात्मक समन्वय विस्तार ।<br>■ बहुउद्देश्यीय र वित्तीय संस्थामा गरीब हित विपरित रहेका नीतिको प्रतिरोध गर्न नागरिक समाजका क्रियाकलापलाई सशक्तिकृत गर्ने । | |
| **नतिजा ४** *समुदाय तहदेखि नीतिगत तहसम्म भएका कामबाट सिकाइ र ज्ञान निर्माण, अभिलेखन र आदान-प्रदान गर्ने ।* | ■ वालगत कार्य अनुसन्धान र निचोढहरु प्रकाशन र प्रचार-प्रसार ।<br>■ अभियानकर्ता, अनुसन्धानकर्ता र विज्ञहरुमा पढ्ने र सिक्ने बानी प्रोत्साहन गर्न स्रोत केन्द्र स्थापना । | |

## मुख्य क्रियाकलाप :

**नतिजा १**

- भूमिअधिकार र यससँग सम्बन्धित विषयको परिवेश विश्लेषण, सामग्री र सूचना सङ्कलन र अभिलेखनको काम संस्थागत गर्ने ।
- राष्ट्रिय भूमि अधिकार मञ्चलाई ५० जिल्लामा विस्तार र ७५ जिल्लामै सम्पर्क स्थापित गर्ने ।
- स्थानीय राजनीतिक दल, जमिनदार, सामाजिक अभियानकर्ता र स्थानीय जनसमुदाय, स्थानीय, जिल्ला र क्षेत्रीय तहमा रुपान्तरणमुखी भूमिसुधारबारे छलफल र अन्तरक्रिया सञ्चालन गर्ने ।
- समुदाय तहमा जनमुखी शिक्षा केन्द्र स्थापनामा सहजीकरण गर्ने ।
- कर्मचारी, भूमिअधिकार अभियानकर्मी, समुदायका अगुवा र नीतिगत कार्यकर्ताको क्षमता अभिवृद्धिका लागि तालिम र प्रशिक्षण सञ्चालन गरी सम्बन्धित क्षेत्रमा परिचालन गर्ने ।
- देशभित्र र बाहिर सिकाई आदान-प्रदानका कार्य अभिवृद्धि गर्ने ।
- भूमिअधिकार मञ्चका कार्यक्रमलाई व्यवस्थित र निष्पक्ष बनाउन नीतिहरु व्यवस्थापन र अद्यावधिक गर्ने ।
- स्थानीय र जिल्ला तहमा आन्दोलन कोष स्थापना र परिचालन गर्ने ।
- वास्तविक भूमिसुधारका प्रक्रियालाई प्रेरित गर्न वकालत र लविङ कार्य प्रभावकारीरुपमा अगाडि बढाउने ।
- विभिन्न जनपरिचालन जस्तो : र्‍याली, प्रदर्शन, अभियान, सञ्चालन गर्ने ।
- भूमिसुधारका वैकल्पिक खाका बनाउन र स्थानीय तहबाट नै व्यवस्थापन गर्न कार्य अनुसन्धानका प्रक्रिया अघि बढाउने ।
- संयुक्त स्वामित्व र जमिनमा महिला पुरुष दुवैको बराबरी हक स्थापनाका लागि व्यवस्थित लबिङ गर्ने ।
- भूमिअधिकारका लागि दाबी गरिएका मुद्दा र भूमिअधिकारलाई प्रोत्साहित र सुरक्षित गर्ने मुद्दामा पनि सहजीकरण गर्ने ।

**नतिजा २**

- राजनीतिक दलका नेता, सरकारी कर्मचारी, सभासद्, नागरिक समाजका अगुवा र विज्ञहरुसँग नीतिगत छलफल परिचालन गर्नु ।
- उच्चस्तरीय भूमिसुधार आयोगलाई सहयोग गर्नु ।
- नीतिगत विश्लेषण, अनुसन्धान, प्रकाशन र वितरण परिचालन गर्ने ।



- छापा र विद्युतीय सञ्चार माध्यमलाई भूमिअधिकारका विषयलाई सामाजिक घेरामा ल्याई छलफलको विषय बनाउन परिचालन गर्नु ।
- भूमिअधिकार अभियानमा लागेका सङ्गठनलाई परिचालन गर्नु ।
- राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा सिकाई र अनुभव बाँड्ने ।
- राजनीतिक दल, सभासद् र राज्यका संस्थासँग समन्वय बढाउनु ।
- भूमिसुधारका विषयलाई अझ प्रोत्साहन गर्न विभिन्न राष्ट्रिय र अन्तर्राष्ट्रिय मञ्चहरुमा सहभागिता जनाउन ।

**नतिजा ३**

- नेपाली विज्ञ र अभियानकर्तालाई माथिका संस्थासँग आलोचनात्मक समन्वय बढाउने क्षमता विकास र परिचालन गर्ने ।
- गरीब र पिछडिएका वर्गमा विश्वव्यापीकरण र उदारवादी नीतिहरुको प्रभाव बुझ्न अध्ययन र अनुसन्धान गर्ने ।
- यी संस्थाका नीतिबारे जनमानसमा सचेतीकरण बढाउन अभियान सञ्चालन गर्ने ।
- विश्वव्यापीकरण र नवउदारवादी प्रक्रियाहरु र गरीब भूमिहीनबीचको सम्बन्ध छलफल गर्न यी संस्थाबीच अन्तरक्रिया गर्ने ।

**नतिजा ४**

- भूमिसम्बन्धी सामग्री सहजरुपमा उपलब्ध गराउन विभिन्न भेगमा स्रोत संस्था स्थापना ।
- अध्ययन तथा अनुसन्धान सम्भव भएसम्म विश्वविद्यालयहरुसँग सहकार्य गरी गर्ने ।
- सामाजिक लेखाजोखा र सहभागिमूलक चिन्तन मनन् तथा सिकाई प्रक्रिया ।
- विभिन्न वकालतीय तथा आवधिक प्रकाशन र वितरण
- राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा समन्वय र सहकार्य विकास तथा विस्तार
- वास्तविक भूमिसुधारका लागि कार्यगत अनुसन्धान, नमुना विकास

अनुसूची-२

## नतिजागत बजेट अनुमान

| क्र.स. | विवरण | २००९ | २०१० | २०११ | २०१२ | २०१३ | जम्माख | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| १ | अधिकारग्रही समुदाय (भूमिहीन तथा गरीब किसान महिला र पुरुष) सङ्गठित, सवल, सुदृढ र अधिकार प्राप्तिका लागि स्वतस्फूर्त परिचालित भएका हुनेछन् । | २०१२५००० | २०१२५००० | १९९६६२५० | १९१६६२५० | १९५२४५६ | ९८९०७०६३ | ४२।८८ |
| २ | नेपालको आवश्यकता र सम्भावनाका आधारमा भूमिसुधारसम्बन्धी नीति तथा कार्यक्रमका लागि व्यापक जनमत निर्माण र सहमतिको वातावरण बनाउने । नयाँ विकल्प स्थापना गर्ने । | ११५००००० | ११८२५००० | १०८२५००० | १०९६६२५० | १०८६६२५० | ५५९८२५०० | २४।२७ |



| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३ | नवउदारवादी र नाफामुखी संस्था जस्तै- विश्व बैंक, एसियन विकास बैंक र विभिन्न बहुउद्देश्यीय नाफामूलक कम्पनीहरुसँग आलोचनात्मक रही काम गर्ने । | ७००००० | ७००००० | ७००००० | ५००००० | ४००००० | ३०००००० | १।३० |
| ४ | समुदायदेखि नीतिगत तहसम्म भएका कामबाट सिकाई र ज्ञान निर्माण, अभिलेखन र आदान-प्रदान गर्ने । | ३८००००० | ३८००००० | ३८००००० | ३८००००० | ३८००००० | १९०००००० | ८।२४ |
| | **जम्मा कार्यक्रम** | **३६१२५०००** | **३६४५००००** | **३५२९१२५०** | **३४४३२५००** | **३४५९०८१३** | **१७६८८९५६३** | **७६।६९** |
| **ख** | **व्यवस्थापन खर्च** | | | | | | | |
| ख.१ | कर्मचारी तलव तथा सुविधा | ४९२६२५० | ५३९८१५० | ५९२७९६५ | ६२५३०३२ | ६५५७०६२ | २९०६२४५९ | १२।६० |
| ख.२ | अफिस साधन | १०००००० | ५००००० | ५००००० | ३००००० | ३००००० | २६००००० | १।१३ |
| ख.३ | गाडी | ३५००००० | ० | ० | ० | ० | ३५००००० | १।५२ |
| ख.४ | यातायात तथा भ्रमण खर्च | ७००००० | ७००००० | ७००००० | ७००००० | ७००००० | ३५००००० | १।५२ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | जम्मा व्यवस्थापन | १०१२६२५० | ६५९८१५० | ७१२७९६५ | ७२५३०३२ | ७५५७०६२ | ३८६६२४५९ | १६।७६ |
| | जम्मा (क+ख)कार्यक्रम | ४६२५१२५० | ४३०४८१५० | ४२४१९२१५ | ४१६८५५३२ | ४२१४७८७५ | २१५५५२०२२ | ९३।४६ |
| | ओभरहेड खर्च (७ प्रतिशत) | ३२३७५८८ | ३०१३३७०१५ | २९६९३४५ | २९१७९८७ | २९५०३५१ | १५,०८८,६४२ | ६।५४ |
| | **जम्मा** | **४९,४८८,८३७५** | **४६०६१५२०१५** | **४५३८८५६०** | **४४६०३५१९** | **४५०९८२२६।२५** | **२३०,६४०,६६३।५** | **१००।००** |



## अनुसूची-३

# संस्थागत सुशासन नीति

## १. परिचय

साझा चाहना र आवश्यकता पूरा गर्नका लागि सङ्गठितरुपमा क्रियाशील नागरिक समूह नै नागरिक समाज हो। सामुदायिक आत्मनिर्भर सेवा केन्द्र (सा.आ.से.के.) पनि एक नागरिक सङ्गठनका रुपमा स्थापित भै विकासको मूलधारबाट पाखा लगाइएकाहरुको सामाजिक न्याय र जीविका सुरक्षाका लागि अहिंसात्मक सामाजिक आन्दोलनको सहजीकरण गर्दै आएको छ। सा.आ.से.के. ले एक दशकभन्दा बढी समय सामाजिक रुपान्तरण तथा विकासका लागि खर्चदै आएको छ। सिन्धुपाल्चोकबाट सुरु भएको भूमि अभियान तीन वर्षदेखि देशका २५ भन्दा बढी जिल्लामा विस्तारित भएको छ र आन्दोलनले राष्ट्रिय रुप लिएको छ। आन्दोलनमा हाल ३० सङ्घ/संस्था तथा जनसङ्गठनको सहकार्य छ। र, यो बढ्दो छ। यसज्री जनवकालतका काममा क्रियाशील हुँदा संस्थाले सामाजिक न्याय, सामाजिक दायित्व, लोकतन्त्र र सार्वजनिक जवाफदेहितालाई पूर्णतः आत्मसात गरेको छ।

सामुदायिक आत्मनिर्भर सेवा केन्द्र आफ्नो संस्थाभित्र र सिङ्गो भूमिअधिकारको आन्दोलनमा लोकतान्त्रिक अभ्यासलाई पहिलो महत्वपूर्ण बुँदाका रुपमा विश्वास गर्दछ। जनताप्रति जवाफदेही र जिम्मेवार हुने हो भने सुशासनको अभ्यास सामाजिक संस्थामा जरुरी छ। सरकारी निकाय, राजनीतिक दल, निजी क्षेत्र, सबैमा जरुरी छ। सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले लोकतान्त्रिक पद्धति र सुशासनलाई धेरथोर अभ्यास गर्दै आएको भए पनि यसलाई व्यवस्थित र नियमित गर्न संस्थागत सुशासन नीति तयार गरेको हो। यस्तो नीति हालको सकारात्मक अभ्यासलाई निरन्तर गर्न, आवश्यकताबमोजिम परिमार्जन हुँदै जान र यसलाई संस्थागत संस्कृतिका रुपमा विकास गर्न सघाउने हिसावले जरुरी भएको हो।

## २. संस्थागत सुशासन नीतिको आवश्यकता

निम्नलिखित मूल्य र सिद्धान्तका आधारमा यो नीति निर्माण गरी लागू गरिएको हो।

- जवाफदेहिपना र पारदर्शिता लोकतान्त्रिक पद्दतिका आधारभूत मान्यता हुन। यही विश्वास र मान्यताअनुरुप सामुदायिक संस्था सञ्चालन गर्नु अनिवार्य कर्तव्य हुन आउँछ। संस्थाको आफ्नै परिचालन लागि पनि जवाफदेहिपन र पारदर्शितालाई संस्कृतिका रुपमा अगाडि बढाउन आवश्यक छ।
- सुशासन लोकतन्त्रको आधार हो। लोकतन्त्रको सवलीकरण गर्न नागरिक समाजले महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्छ। त्यसैले सुशासनको पक्षमा काम गर्नेले आफ्नै सुशासन प्रभावकारी नबनाई हुँदैन।

- संस्थागत सुशासनले आन्तरिक लोकतन्त्र सुदृढीकरण र सवलीकरण गर्न ठाउँ दिन्छ । जहाँ नीति, प्रक्रिया र पद्दति पूर्णतः आत्मसात गरिएको हुन्छ । अतः यस्तो पद्दति मजबुत बनाउन पारदर्शिता, जवाफदेहिपना, जिम्मेवारी र दायित्वबीचको शक्ति सन्तुलन र विविध चासोलाई व्यावसायिकतवरले सम्बोधन गर्न जरुरी हुन्छ ।

## ३. नीति

### (क) सदस्यता

- संस्थाले तोकेको नीश्चित प्रक्रिया पूरा गरी गरीब तथा आधारभूत अधिकारबाटवञ्चित समुदायको सशक्तिकरण तथा सामाजिक न्याय र मानवअधिकारका लागि क्रियाशील नेपाली नागरिक संस्थाको सदस्य हुन सक्नेछन् ।
- साधरण सदस्य सङ्ख्या कम्तिमा कार्यसमिति सदस्य सङ्ख्याको ५ गुणा हुनुपर्नेछ ।
- सदस्यको कुलसङ्ख्यामा महिला र पुरुष सदस्य आधा आधा हुनेछन् । यसलाई यो नीति लागू भएको १ वर्षभित्र पूरा गरिनेछ ।
- कुल साधारण सदस्यमध्ये कम्तिमा १५ प्रतिशत मधेसका, १५ प्रतिशत दलित र १५ प्रतिशत पछाडि पारिएका जनजाति समूहबाट प्रतिनिधित्व गरेका हुनेछन् ।
- संस्थाको कार्यक्षेत्र/अधिकारग्रही समूहबाट २५ प्रतिशत सदस्य भएको हुनेछन् ।
- सदस्यता लिने प्रक्रिया स्पष्ट खुलाई वर्षको १ पटक सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको प्रकाशनमा त्यस्तो सूचना सार्वजनिक गरिनेछ ।

### (ख) साधारण सभा

- साधारण सभा संस्थागत निर्णय लिने सर्वोच्च निकाय हो । सभाले बहुमतका आधारमा निर्णय लिनेछ । साधारण सभाको अध्यक्षता उपस्थित सदस्यमध्ये जेठो (उमेरका आधारमा) साधरण सदस्यले गर्नेछन् ।
- साधारण सभाले संस्थाको नीति र वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्नेछ । अघिल्लो साधारण सभापछि उक्त साधारण सभासम्मको अवधिमा कार्यसमितिले लिएका निर्णय र गरेका कार्यक्रम साधारण सभामा प्रस्तुत गरी अनुमोदन गराउनुपर्नेछ ।



- सार्वजनिकरुपमा जानकारी गराउन नमिल्ने (अति गोप्य) बाहेक साधारण सभाको निर्णयलाई सार्वजनिक गरिनेछ ।
- साधारण सभाले आवश्यकताका आधारमा विभिन्न समिति निर्माण गरी जिम्मेवारी सुम्पन सक्नेछ । त्यसरी गठित समितिले साधारणसभामा प्रतिवेदन प्रस्तुत गर्नुपर्नेछ ।

### (ग) कार्यसमिति

- कार्यसमिति सदस्य सङ्ख्या घटीमा ७ र बढीमा ११ सम्म हुनेछ । यस्ता पदाधिकारीको कार्यअवधि ३ वर्षको हुनेछ । पदाधिकारीले जहिले पनि लोकतान्त्रिक मूल्य र मान्यता अनुशरण गर्नेछन् ।
- कार्यसमितिको एक अवधि समाप्त भएपछि अर्को समिति चयन गर्नका लागि ५ सदस्यीय अन्तरिम समिति निर्माण गर्नेछ । समितिमा कार्यसमिति सदस्यको चुनावमा भाग नलिनेहरु मात्र रहनुपर्नेछ । तदर्थ समितिले अर्को नयाँ कार्यसमिति चयनका लागि एक स्वतन्त्र र सक्षम निर्वाचन समिति व्यवस्था गर्नेछ । निर्वाचन समितिका सदस्य सल्लाहकार समूह वा बाहिरका व्यक्ति हुन सक्नेछन् । निर्वाचन समितिको काम प्रजातान्त्रिक तवरले सक्षम कार्यसमितिको निर्वाचन गर्नु हुनेछ ।
- कार्यसमितिमा कम्तिमा ३३ प्रतिशत महिला, २० प्रतिशत दलित र २० प्रतिशत जनजातिको प्रतिनिधित्व भएको हुनुपर्नेछ ।
- कार्यसमितिले सहभागीमूलक प्रक्रियालाई पूर्णतः आत्मसात गरी कार्य गर्नेछ । कार्यसमितिको निर्णय प्रक्रिया बहुमतका आधारमा हुने भए पनि फरक विचार र मान्यताको कदर गरिनेछ ।
- अध्यक्ष, उपाध्यक्ष, सदस्यसचिव र कोषाध्यक्ष जस्ता महत्वपूर्ण पदमा रहेका पदाधिकारीले यी कुनै पनि पदमा लगातार दुई कार्यकालभन्दा बढी प्रतिनिधित्व गर्न पाउने छैनन् ।
- कार्यसमितिमा एउटै रगत नाता भएका प्रतिनिधि रहन पाउने छैनन् ।
- कार्यक्रम समूह र कार्यसमितिबीच नियमित आदान-प्रदान र समन्वयका लागि कार्यकारी निर्देशक स्थायी सदस्य हुनेछन् । कार्यकारी निर्देशक संस्थाको कार्यसमितिको पदाधिकारी नभएको हकमा भने उसको मतदान अधिकार हुँदैन ।
- कार्यसमिति संस्थाको विधानबमोजिम सञ्चालन हुनेछ ।

- कार्यसमिति संस्थाको साधारणसभाप्रति उत्तरदायी हुनेछ ।
- सामान्यतया कार्यसमितिका सदस्य त्रैमासिकरुपमा भेटी छलफल र निर्णय लिनेछन् । आवश्यक पर्दा योभन्दा बढी पटक पनि बस्न सक्नेछन् ।

(घ) कार्यसमिति र कार्यक्रम व्यवस्थापन समूहबीचको सम्बन्ध

- शक्ति, भूमिका र जिम्मेवारीको पूर्ण बाँडफाँट र दोहोरोपना आउन नदिन कार्यसमिति र कार्यक्रम व्यवस्थापन समूहमा एउटै व्यक्ति रहन पाइने छैन । जानेर या नजानेर शक्तिको दुरुपयोग रोक्न तथा चेक एण्ड ब्यालेन्स कायम गर्न यो पूर्णरुपमा लागू हुनेछ ।
- कार्यसमिति साधारण सभाले अनुमोदन गरेका नीति र संस्थाको विधानबमोजिम सञ्चालन हुनेछ । कार्यसमितिले साधारण सभाले अनुमोदन गरेका नीति कार्यान्वयनका लागि रणनीतिक योजना तय गरी कार्यान्वयन गर्नेछ ।
- कार्यसमितिका पदाधिकारीले अनुभव र क्षमताका आधारमा संस्थागत लक्ष्य पूरा गर्नका लागि छोटो अवधिका परामर्शका काम गर्न सक्नेछन् । त्यस्ता कामको स्पष्ट सेवा र सुविधाबारे शर्तसहितको सम्झौता गर्नुपर्नेछ । त्यस्तो सम्झौतापत्रमा अपेक्षित नतिजा, अवधि र सेवा सुविधाका शर्त स्पष्ट उल्लेख भई कार्यसमितिको बैठकले निर्णय गरेको हुनुपर्नेछ ।
- कर्मचारीको नियुक्ति खुला र प्रतिस्पर्धात्मक हुनुपर्नेछ । क्षमताका आधारमा मानव स्रोत विकास नीतिअनुरुप कर्मचारी नियुक्त गर्नुपर्नेछ । कर्मचारी छनौटका लागि नीतिअनुरुप स्वतन्त्र समिति निर्माण गरी जिम्मेवारी तोक्नेछ । क्षमतावान उम्मेदवारको रोष्टर निर्माण गरिनेछ ।
- नयाँ कर्मचारी छनौट संस्थाले तयार गरी साधारण सभाबाट पास गरिएको नीतिका आधारमा गर्नेछ । यसरी छनौट गर्दा महिला, दलित र विकसको मूल प्रवाहबाट पाखा पारिएका समुदायलाई प्राथमिकता दिइनेछ । संस्थामा ५० प्रतिशत महिला, १५ प्रतिशत दलित र १५ प्रतिशत लाभान्वित समुदायका दलितको प्रतिनिधित्वका लागि प्रभावकारी प्रयास अगाडि बढाउने छ ।
- संस्थाका कर्मचारी र कार्यसमितिका नातेदार कर्मचारीमा छनौट गरिने छैन । कोही कसै क्षमता र अनुभवका आधारमा आएमा यस्ता सदस्य प्रत्यक्ष निगरानीका पदमा आउन पाउने छैनन् । यसो भन्नाले लेखा परीक्षण, नाता पर्नेको प्रत्यक्ष सुपरभिजन, कर्मचारी मूल्याङ्कन आदि भन्ने बुझिन्छ ।
- वित्तीय व्यवस्थापन, मानव स्रोत व्यवस्थापन र कार्यक्रम सञ्चालनका लागि प्रचलनमा आएका प्रभावकारी, स्वीकार्य र व्यावहारिक नीति निर्माण गरी साधारण सभाबाट स्वीकृत गराई लागू गर्नेछ ।

**(ङ) पारदर्शिता**



- सामुदायिक आत्मनिर्भर सेवा केन्द्र आफ्ना सबै नीति तथा कार्यक्रम पारदर्शी बनाउन प्रतिबद्ध छ । सार्वजनिकरुपमा पारदर्शी बन्न आवश्यक सबै प्रयास गर्नेछ ।
- संस्थागत सिद्धान्त, दीर्घकालीन तथा अल्पकालीन उद्देश्य, मूल्य मान्यता, नीति, रणनीति र कार्यप्रक्रिया सार्वजनिक जानकारीको लागि राख्नेछ । केन्द्रका कार्यक्रम, प्रगति प्रतिवेदन, सिकाई, उपलब्धि र कमजोरी नेपाली र अङ्ग्रेजीमा प्रकाशन गरी वितरण गर्नेछ ।
- सार्वजनिक गर्न नहुने अति गोप्यबाहेक कार्यसमिति र साधारण सभाका सबै निर्णय सार्वजनिक जानकारीका लागि राख्नेछ ।
- संस्थाको सबै आम्दानी तथा खर्च मान्यता प्राप्त लेखापरीक्षकबाट लेखापरीक्षण गराउनेछ । त्यो लेखापरीक्षणको प्रतिवेदन संस्थाको प्रकाशन र अन्य उपलब्ध सञ्चार माध्यममार्फत् प्रकाशन तथा प्रशारण गर्नेछ ।
- केन्द्रले आवधिक प्रतिवेदन निरन्तररुपमा प्रकाशन गर्नेछ । त्यस्ता प्रतिवेदनमा क्रियाकलाप, नतिजा, सिकाई र वित्तीय विवरण आदि समावेश गरिनेछ । यस्ता प्रतिवेदन अङ्ग्रेजी, नेपाली र स्थानीय भाषामा समेत प्रकाशन गरी अधिकारग्रही र सरोकारवाला सबैलाई उपलब्ध गराउनेछ । यस्ता सामग्री वेबपेजमा समेत नियमितरुपमा राखिनेछ ।
- केन्द्रको व्यवस्थापन समूह र कार्यसमितिले कार्यक्रमका प्रतिवेदन, आम्दानी तथा खर्चको विवरण, नयाँ तथा संशोधित नीति आदि साधारण सदस्य, सल्लाहकार, अन्य आमन्त्रित महानुभावलाई त्रैमासिकरुपमा (संस्थागत अपडेट) उपलब्ध गराउने छ ।
- कानुन र नीतिले सार्वजनिक गर्न नहुने भनेकाबाहेक सबै सूचना तथा सामग्री सार्वजनिक गरिएको हुनेछ ।

**(च) जवाफदेहिपना**

- सम्पूर्ण अधिकारग्रही समूह, साझेदार, स्रोत संस्था, सरकारी निकाय, दाता संस्था, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहयोगी निकाय र अन्य सबै सर्वसाधारणप्रति केन्द्र पूर्ण जवाफदेही रहनेछ । यस्तो जवाफदेहिता केन्द्रको नीति, लक्ष्य र मूल्य मान्यताअनुरुप रहनेछ ।
- संस्थाले सबै सरोकारवालालाई समयभित्र तोकिएको आवश्यक खाकामा रही प्रतिवेदन पेश गर्नेछ र प्राप्त रचनात्मक सल्लाह तथा सुझाव आत्मसात गरी आवश्यक थपघटसमेत गर्नेछ ।
- संस्थाका सबै स्रोत बैंक खातामार्फत् व्यवस्थित गरिनेछ । राष्ट्रिय तथा अन्तर्राष्ट्रियरुपमा स्वीकार्य लेखा राखिनेछ ।

- संस्थाले गरेको प्रतिबद्धताअनुसारको नतिजाको विषयमा समुदाय र सरोकारवालाप्रति जवाफदेहिताका लागि सबै तहमा सहभागीमूलक समीक्षा तथा मनन् प्रक्रिया र सामाजिक लेखाजोखा गर्नेछ । सामाजिक लेखाजोखा कम्तिमा वर्षको एक पटक गर्नुपर्नेछ ।
- हरेक उपलब्धिको प्राथमिक स्वामित्व अधिकारग्रही समूहलाई मान्नेछ र आफूलाई स्पष्टरुपमा सहयोगीको हदमा मात्र प्रस्तुत गर्नेछ ।
- हरेक ३ वर्षमा संस्थाले व्यवस्थापन प्रक्रियाको परीक्षण गरी प्रतिवेदन तयार पार्नेछ । यस्तो परीक्षण कार्यसमितिको पदावधि सकिनुपूर्व नै गरिसक्नुपर्नेछ । र, त्यस्तो प्रतिवेदन साधारणसभामा प्रस्तुत गरिनेछ ।

**(छ) अन्य**

- सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले नियमितरुपमा समयभित्र नै नवीकरण गर्नेछ । र, प्रचलित नियम कानुनबमोजिम संस्थालाई दुरुस्त बनाई राख्नेछ ।
- संस्थाभित्र कुनै पनि भ्रष्टाचारका काम प्रोत्साहन गरिने छैन । यस्तो थाहा पाएमा नीति तथा कानुनअनुसार कारबाही गर्नेछ । यस्तो कारबाही निलम्बनको हदसम्म हुनेछ ।
- मानवअधिकार तथा भूमिअधिकार हननका कुनै पनि कार्यमा सहभागी तथा सहयोग गर्ने छैनन् ।
- महत्काङ्क्षाका आधारमा हुने द्वन्द्वबारे संस्था सदैव सचेत रहनेछ । सबै संस्थाका कर्मचारी तथा पदाधिकारी होसियारीपूर्वक, सचेत ढङ्गले, पारदर्शी र पूर्णतः गुणस्तरीय क्षमताका आधारमा काम गर्नेछन् । संस्थाको मूल्य मान्यतालाई पूर्णतः आत्मसात गर्नेछन् । यस्ता विषय आइपरेमा संस्थागतरुपमा छलफल गरिनेछ । संस्थाले लागू गरेका नीति एवम् नियम पूर्ण पालना गरिनेछ । सरल र मितव्ययी व्यवस्थापन संस्थाको महत्वपूर्ण मान्यता रहनेछ ।
- केन्द्र कर्मचारी एवं पदाधिकारी, सदस्य, साधारण सदस्य आदिबीच आपसी समझदारी र विश्वासिलो व्यवहार गर्दछ । लिङ्ग, जाति, विश्वास, सिद्धान्त तथा धारणा, धर्म र व्यक्तिगत जिम्मेवारीका आधारमा कुनै भेदभाव गर्ने छैन ।



## स्रोत प्रवाह एवम् व्यवस्थापन चार्ट



## सा.आ.से.के. र मञ्चबीचको भावी सम्बन्धको संरचना

